# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २०१ | काठमाडौं | मंगलबार, ६ मंसिर २०७९ | Prabhab National Daily | Tuesday, November 22, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**ट्राफिक नियमको पालना गरौं।**

- बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं,
- सडक बत्ती हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

*सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## बैतडी जीप दुर्घटनामा चार प्रहरीको मृत्यु



**पाटन नगरपालिका-४ निङ्लाडी खोलामा सोमबार बिहान दुर्घटनामा परेको जीप ।** *तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

**बैतडी-** बैतडीमा प्रहरी बोकेको जीप दुर्घटना हुँदा चार प्रहरीको मृत्यु भएको छ । पाटन नगरपालिका-४ निङ्लाडी खोला भन्ने स्थानमा सोमबार बिहान भएको उक्त दुर्घटनामा परी अन्य आठ प्रहरी र एक चालक घाइते भएका छन् । जिल्ला सदरमुकाममा मतपेटिका पुऱ्याएर पाटन फर्कंदै गरेको प्रहरी टोली सवार जीप बिहान ७ बजे दुर्घटनामा परेको हो ।

मृत्यु हुनेमा प्रहरी सहायक हवल्दार अर्जुन कठायत, प्रहरी जवान लोकबहादुर बाठामगर, रमेश साउँद र विर्खबहादुर विष्ट रहेका बैतडीका प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले जानकारी दिए । लोकबहादुर, रमेश र विर्खबहादुरको घटनास्थलमै मृत्यु भएको हो भने अर्जुनको पाटन प्राथमिक स्वास्थ्य केन्द्रमा मृत्यु भएको हो ।

प्रहरी बोकेको से १ ज ८५४ नम्बरको जीप दशरथचन्द राजमार्गअन्तर्गत बैतडीको पाटन नगरपालिका-४ निङ्लाडी खोला भन्ने स्थानमा दुर्घटनामा परेको थियो । जीपमा १२ प्रहरी र एक चालक गरी १३ जना सवार थिए । जीप सडकबाट करिब ३०० मिटर तल खोलामा खसेको थियो । रातभरि मतपेटिका ढुवानी गरिरहेको र चालकलाई अनिदो भएर दुर्घटना भएको हुनसक्ने प्रजिअ पन्थीको भनाइ छ । घटनाको थप अनुसन्धान भइरहेको उनले बताए ।

दुर्घटनामा परेर घाइते हुनेमा प्रहरी हवल्दार गणेश खड्का, प्रहरी सहायक हवल्दार गोपालबहादुर पाल, प्रहरी जवान पुतली खड्का, प्रहरी जवान नरेश कठरिया, आशा धामी, भानु विष्ट, टीकेन्द्र ऐरी, चन्द्रसिंह ठगुन्ना र चालक देवराम महर रहेका छन् । घाइतेमध्ये गणेश र पुतलीलाई थप उपचारका लागि नेपाली सेनाको हेलिकप्टरमार्फत कोहलपुर पठाइएको प्रजिअ पन्थीले बताए । अन्य घाइतेको पाटन प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ ।

उपचाररत नरेश, आशा र देवरामको अवस्था पनि गम्भीर रहेकाले उनीहरूलाई पनि थप उपचारका लागि हेलिकप्टरमार्फत पठाउने तयारी भएको जिल्ला प्रशासन कार्यालय बैतडीले जनाएको छ ।

# पहिलो शक्तिमा फर्किंदै कांग्रेस

■ **जेबी योञ्जन**

**काठमाडौं-** प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको प्रारम्भिक मत परिणामले सत्ता नेतृत्व दल नेपाली कांग्रेस पहिलो पार्टी बन्ने संकेत देखाएको छ । लोकतान्त्रिक-वाम गठबन्धन गरेर चुनावमा गएको कांग्रेस मतगणना भएकामध्ये अधिकांश क्षेत्रमा अगाडि छ ।

पाँच वर्षअघि पहिलो बनेको दल नेकपा एमाले दोस्रो दलको रूपमा खुम्चिने देखिएको छ । कति सिटले पहिलो दल बन्लान् ? यकिन गर्न अहिल्यै सकिँदैन । तर, पनि पहिलो दल हुनबाट एमालेले कांग्रेसलाई रोक्न नसक्ने देखिएको छ ।

यो समाचार तयार पार्दासम्म कांग्रेसले दुई र एमालेले एक स्थानमा विजयी हासिल गरेको छ । हिमाली जिल्ला मुस्ताङबाट कांग्रेसका २९ वर्षीय योगेश गौचन थकाली यो चुनावको पहिलो निर्वाचित सांसद बने । उनले एमालेका प्रेमबहादुर तुलाचनलाई पराजित गर्दै पहिलो सांसद बनेका हुन् । थकालीले तीन हजार ९९२ मत प्राप्त गरी विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी एमालेका तुलाचनले तीन हजार ७८ मत पाए ।

अर्को हिमाली जिल्ला मनाङबाट प्रतिनिधिसभा सदस्यमा कांग्रेसका उम्मेदवार टेकबहादुर गुरुङ दुई हजार ५७५ मतसहित निर्वाचित भएका छन् । पूर्वराज्यमन्त्रीसमेत रहेका उनले एमालेका पोल्देन छोपाङ गुरुङलाई पराजित गरेका हुन् । पोल्देनले दुई हजार २४७ मत पाए ।

कांग्रेसले मुस्ताङमा प्रदेशसभातर्फको दुई सिटसमेत जितेर 'क्लिनस्वीप' गरेको छ । प्रदेश 'क' मा नाम्डु गुरुङ र 'ख' मा विकल शेरचन निर्वाचित भएका हुन् । मनाङको प्रदेश 'क' बाट कांग्रेसकै उम्मेदवार मुनेन्द्र गुरुङ निर्वाचित भएका छन् । काठमाडौं-३ को प्रदेश 'क' बाट पनि कांग्रेसकै छिरिङ दोर्जे लामा निर्वाचित भएका छन् ।

एमालेले पनि प्रतिनिधिसभामा खाता खोलेको छ । ललितपुर-२ मा एमालेका प्रेम महर्जन हाम्रो नेपाली पार्टीका उम्मेदवार सुदिन शाक्यलाई पराजित गर्दै निर्वाचित भएका हुन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएअनुसार महर्जनले १९ हजार ८३४ मत र शाक्यले १० हजार ४४० मत पाएका थिए ।

समाचार तयार पार्दासम्म प्रतिनिधिसभामा कांग्रेसको ३८ क्षेत्रमा अग्रता छ । प्रदेशसभामा पनि ३२ क्षेत्रमा कांग्रेसको अग्रता छ । यस आधारमा प्रतिनिधिसभा मात्र नभई कांग्रेसले धेरै प्रदेशसभामा पहिलो दल बन्ने सम्भावना देखाएको छ । कतिपयले चुनावबाट नौ वर्षपछि पुनरागमन भएको भन्न थालेका छन् । समानुपातिकमा पनि कांग्रेसले सबैभन्दा बढी मत पाउने संकेत देखिएको छ ।







**प्रतिनिधिसभा सदस्यमा मुस्ताङबाट निर्वाचित योगेश गौचन थकाली, मनाङबाट निर्वाचित टेकबहादुर गुरुङ र ललितपुर-२ बाट निर्वाचित प्रेम महर्जन क्रमशः बायाँबाट । गौचन र गुरुङ कांग्रेस र महर्जन एमालेका उम्मेदवार बनेका हुन् ।**

- मुस्ताङ र मनाङमा कांग्रेस तथा ललितपुर २ मा एमाले उम्मेदवार विजयी ।
- काठमाडौं उपत्यकामा माओवादी शून्य हुने संकेत ।
- राष्ट्रिय स्वतन्त्र पार्टी शानदार जितसहित उदाउने संकेत ।
- समानुपातिकमा कांग्रेस र एमालेपछि रास्वपालाई बढी मत ।
- प्रदेशसभामा कांग्रेस चार स्थानमा विजयी

प्रतिस्पर्धी एमालेले भने प्रारम्भिक मत परिणामको आधारमा भन्दा अघिल्लो संसद्‌मा भएको हैसियत गुमाउने देखिएको छ । पाँच वर्ष पहिले माओवादीसँग वाम गठबन्धन गरेर चुनाव लडेको एमालेले ८० सिट प्रत्यक्षमा जितेको थियो । त्यसबेला कांग्रेस २३ सिटमा खुम्चिएको थियो । सोही दल कांग्रेस लोकतान्त्रिक-वाम गठबन्धनको बलमा शानदार पुनरागमन गर्ने अवस्था देखिँदा एमालेले २४ स्थानमा अग्रता लिएको छ ।

प्रदेशसभामा भने एमालेको अग्रता कांग्रेसको भन्दा बढी छ । एमाले ४० क्षेत्रमा अगाडि छ । यस्तै, प्रारम्भिकरूपमा समानुपातिकतर्फ तर्फ एमालेले दोस्रो बढी मत पाएको छ । समानुपातिकमा तेस्रो धेरै मत पाउनेमा राष्ट्रय स्वतन्त्र पार्टी रहेको छ ।

अर्को सत्तारूढ दल नेकपा माओवादी केन्द्रले भने पहिलेभन्दा धेरै सिट प्रत्यक्षमा गुमाउने देखिएको छ । यससँगै अध्यक्ष पुष्पकमल दाहालले भने जसरी सत्ताको चाबी माओवादीको हातमा हुनेगरी जित नहुने संकेत प्रारम्भिक परिणामले देखाएको छ । किनकि, समानुपातिकमा माओवादीले नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीलेभन्दा कम पाउने देखिएको छ । माओवादीको १० स्थानमा अग्रता छ । प्रदेशसभामा १३ क्षेत्रमा अग्रता छ ।

माधवकुमार नेपाल नेतृत्वको दल नेकपा एकीकृत समाजवादीको भने प्रतिनिधिसभातर्फ नौ क्षेत्रमा अग्रता छ । प्रदेशसभातर्फ आठ क्षेत्रमा अग्रता रहेको छ । उक्त दलले अपेक्षा गरेभन्दा कम सिट जित्ने प्रारम्भिक मत परिणामबाट अनुमान लगाउन सकिन्छ । पाँच महिनाअघि घोषणा भएको रवि लामिछाने नेतृत्वको दल राष्ट्रिय स्वतन्त्र पार्टी अपेक्षा गरेभन्दा बढी सिटसहित राष्ट्रिय दल बन्ने निश्चित देखिएको छ । उक्त दलले आठ क्षेत्रमा अग्रता लिएको छ । प्रदेशसभा चुनावमा भने यस दलले सहभागिता जनाएको छैन ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच ठाउँमा अग्रता लिइरहेको छ । अघिल्लोपटक एक सिट जितेको उक्त दलले यसपटक बढाउने दे (**बाँकी पृष्ठ ५ मा**)

**प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७९**

**मत परिणाम अपडेट**

| | जित | अग्रता |
|---|---|---|
| नेपाली कांग्रेस | ०२ | ४२ |
| नेकपा एमाले | ०१ | ३३ |
| माओवादी केन्द्र | ० | ०९ |
| रास्वपा | ० | ०८ |
| ए. समाजवादी | ० | ०८ |
| राप्रपा | ० | ०६ |
| अन्य | १७ | १५ |

**सन्दर्भ : वैदेशिक रोजगार**

### कतारस्थित नेपाली दूतावासको आग्रह

## म्याद सकिनुअघि नै श्रम स्वीकृति नवीकरण गर्नू

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** वैदेशिक रोजगारीका लागि कतार पुगेका नेपाली श्रमिकहरूलाई समयावधि सकिनु अगावै श्रम स्वीकृति नवीकरण गर्न कतारस्थित नेपाली दूतावासले अनुरोध गरेको छ । कतारमा रहेका नेपालीहरूलाई आफ्नो श्रम स्वीकृति अवधिको ख्याल गर्दै समयमै नवीकरण गरी आफू र आफ्नो परिवारले सरकारबाट पाउने कल्याणकारी सेवा सुविधा उपभोग गर्नबाट वञ्चित नहुन अनुरोध गरेको हो ।

दूतावासले सोमबार एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम अनिवार्य श्रम स्वीकृति नवीकरण गर्नुपर्ने प्रावधान रहेको जनाउँदै विदेशमा रोजगारीमा रहँदा भवितव्य परी मृत्यु भएमा श्रम स्वीकृति लिँदा वैदेशिक रोजगार कल्याणकारी कोषमा दाखिला गरेको रकम र विदेश जानुपूर्व नेपालमा नै गरेको बिमाबाट मृतकको शव व्यवस्थापन गर्ने र परिवारलाई कानुनले तोकेबमोजिमको सेवा सुविधा प्रदान गर्ने व्यवस्था रहेको उल्लेख गरेको छ । 'अन्यथा: श्रम स्वीकृतिको अवधि सकिएपछि विदेशमा कुनै पनि कारणले मृत्यु भएमा, अन्य कुनै घटना भई गम्भीर बिरामी भएमा वा अगंभंग भएमा कानुनबमोजिम वैदेशिक रोजगार कल्याणकारी कोषको रकम र बिमाबापतको रकम दाबी गर्न सक्ने कानुनी व्यवस्था नरहेको जानकारी गराइन्छ,' विज्ञप्तिमा उल्लेख गरिएको छ ।




### श्रम स्वीकृति नवीकरण नगरे कल्याणकारी सेवा सुविधाबाट वञ्चित हुनुपर्ने

दूतावासले कतारबाटै श्रम स्वीकृति नवीकरण गर्न सकिने जानाएको छ । यसका लागि वैदेशिक रोजगार विभागको वेबसाइटमा लगइन गरी कतारबाटै श्रम स्वीकृति नवीकरण गर्न सकिने जनाइएको छ । रोजगारीमा रहेका श्रमिकहरूले नवीकरण गर्दा वैदेशिक रोजगार कल्याणकारी कोष र बिमाबापत दाखिला गर्नुपर्ने रकम कतारमा रहेको आफ्नो बैंक खाताबाट नेपालमा रहेको वैदेशिक रोजगार बोर्ड र सम्बन्धित बिमा कम्पनीको खातामा सोझै पठाउन सकिने दूतावासले उल्लेख गरेको छ ।

वैदेशिक रोजगारीमा जानेले एक पटक श्रम स्वीकृति लिई विदेश गएपछि श्रम स्वीकृतिको अवधि कायमै रहेको अवस्थामा नेपालमा फर्की पुनः सोही मुलुकको सोही काममा जाँदा पुनः श्रम स्वीकृति लिनु नपर्ने तर एक पटक लिएको श्रम स्वीकृतिको अवधि समाप्त भएपछि पुनः विदेशमा रोजगारीको लागि जानुपरेमा श्रम स्वीकृति नवीकरण गर्नुपर्ने वैदेशिक रोजगार ऐन, २०६४ ले व्यवस्था गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि एक हप्ताअघि एक विज्ञप्ति जारी गर्दै रोजगारीका लागि विदेश गएका सम्पूर्ण नेपालीहरूलाई श्रम स्वीकृतिको म्याद सकिनुअगावै नवीकरण गराउन सूचित गरेको थियो । विदेशमा रहेका नेपालीले आफ्नो श्रम स्वीकृतिको म्याद रहे/नरहेको थाहा पाउन वैदेशिक रोजगार विभागको वेबसाइटमा गई जाँच गर्न सक्ने मन्त्रालयले जनाएको छ । समयमै श्रम स्वीकृति नवीकरण नगर्दा विदेशमा रोजगारीका सन्दर्भमा विभिन्न पीडा खेप्नुपर्ने, स्वदेश फर्कन कठिन हुने र कतिपय परिस्थितिमा जेल सजायसमेत भोग्नुपर्ने अवस्था आउने गरेको मन्त्रालयले उल्लेख गरेको छ ।

## साउदीमा ३८ जनाले पाए 'एक्जिट' भिसा

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि साउदी अरेबियामा रहेका ३८ जना नेपालीले 'एक्जिट' (बहिर्गमन) भिसा पाएका छन् । साउदीको अध्यागमन कार्यालयले जारी गरेको नयाँ नियमानुसार हुरुब (कम्पनी छोडेर भागेका) लागेका ३८ जनाले उक्त भिसा पाएका हुन् ।

एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले बढीमा एक हप्ताभित्र साउदी छोडिसक्नुपर्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ । हुरुब लागेका नेपालीहरूलाई सात दिनभित्र साउदी छोड्न अनुरोध गर्दै अरुलाई पनि एक्जिट भिसाको म्याद हेर्न दूतावासले अनुरोध गरेको छ । एक हप्ताअगाडि नै एक्जिट भिसा आएको भन्दै दूतावासले आफ्नो मोबाइलमा सन्देश प्राप्त नभए दूतावास आएर एक्जिट भिसाको पेपर लैजान सकिने जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत एक हलाला पनि कहीं कतै बुझाउनु नपर्ने दूतावासले उल्लेख गरेको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने जनाइएको छ । इकामा (बस्ने अनुमति)को म्याद सर्सा कएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ दूतावासले गरिदिने जनाइएको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने दूतावासले प्रस्ट पारेको छ ।






**मतगणना जारी** काठमाडौं क्षेत्र नं. ६ स्थित तारकेश्वर नगरपालिका-६ कार्यालयमा रहेको मतगणना स्थलमा तारजालीभित्र मत गणना गरिँदै । *तस्बिरः नवीन पौडेल/रासस*

### काठमाडौंको प्रारम्भिक मतपरिणाम

# ठूला दललाई नयाँको कडा चुनौती

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अन्तर्गत मत गणना कार्य जारी रहँदा रोचक प्रतिस्पर्धा देखिएको छ । काठमाडौंका १० वटा निर्वाचन क्षेत्रमा ठूला दलका उम्मेदवारहरूलाई नयाँ दल र स्वतन्त्रले चुनौती प्रस्तुत गरेका छन् ।

सोमबार साँझसम्मको तथ्यांकअनुसार काठमाडौं क्षेत्र नं. १ मा नेकपा एमाले, नेपाली कांग्रेस, राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को मुख्य प्रतिस्पर्धा देखिएको छ । जसमा राप्रपाका उम्मेदवार रविन्द्र मिश्रले अग्रता लिइरहेका छन् । उनलाई कांग्रेसका उम्मेदवार प्रकाशमान सिंहले पछ्याइरहेका छन् । तेस्रो स्थानमा एमालेका उम्मेदवार किरण पौडेल रहेका छन् भने चौथो स्थानमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार पुकार बम छन् । स्वतन्त्र उम्मेदवारी दिएका रमेश खरेल पनि उल्लेख्य मतसहित प्रतिस्पर्धामा छन् । यस क्षेत्रमा ३२ जना उम्मेदवार चुनावी मैदानमा होमिएका थिए ।

क्षेत्र नं. २ मा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टीको मुख्य प्रतिस्पर्धा छ । जहाँ रास्वपाकी उम्मेदवार सोविता गौतमले अग्रता लिएकी छन् । एमालेका उम्मेदवार मणिराम फुयालले उनलाई पछ्याइरहेका छन् भने तेस्रो स्थानमा माओवादी केन्द्रकी उम्मेदवार ओनसरी घर्ती रहेकी छन् । यहाँ चौथो स्थानमा राप्रपाकी उम्मेदवार कुन्तीदेवी पोखेल रहेकी छन् । यस क्षेत्रमा ३० जना उम्मेदवार प्रतिस्पर्धामा रहेका छन् ।

क्षेत्र नं. ३ मा नेकपा एमाले, नेपाली कांग्रेस, राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टी बीच नै मुख्य प्रतिस्पर्धा छ । यहाँ कांग्रेसका उम्मेदवार सन्तोष चालिसे अग्रस्थानमा छन् । निकटतम प्रतिद्वन्द्वी एमालेका उम्मेदवार कृष्णबहादुर राई दोस्रो स्थानमा छन् । तेस्रोमा राप्रपाका उम्मेदवार गणेश गिरी छन् भने चौथोमा रास्वपाको उम्मेदवार दुर्गा विक्रम थापा क्षेत्री छन् । यस क्षेत्रमा २३ जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

क्षेत्र नं. ४ मा नेकपा एमाले, नेपाली कांग्रेस, राप्रपाको मुख्य प्रतिस्पर्धा छ । कांग्रेसका उम्मेदवार गगनकुमार थापाले फराकिलो मतसहित अग्रता लिएका छन् । एमाले उम्मेदवार राजन भट्टराई दोस्रो स्थानमा छन् भने राप्रपाका ठाकुरमोहन श्रेष्ठ निकै पछि रहे पनि तेस्रो स्थानमा छन् । यहाँ ३१ जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

क्षेत्र नं. ५ मा नेकपा एमाले, नेपाली कांग्रेस र रास्वपाको नै मुख्य प्रतिस्पर्धा छ । कांग्रेसका उम्मेदवार प्रदीप पौडेल अग्रस्थानमा छन् । उनलाई एमालेका उम्मेदवार ईश्वर पोखेलले पछ्याउँदै दोस्रो स्थान ओगटेका छन् । रास्वपाका उम्मेदवार प्रणय शमशेर राणा तेस्रो स्थानमा छन् । यहाँ २९ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका छन् ।

क्षेत्र नं. ६ मा पनि नेकपा एमाले, नेपाली कांग्रेस र रास्वपा नै प्रमुख प्रतिस्पर्धी देखिएका छन् । रास्वपाका उम्मेदवार शिशिर खनालले अग्रता लिएका छन् । उनलाई एमाले उम्मेदवार सर्वेन्द्र खनालले पछ्याइरहेका छन् । तेस्रोमा कांग्रेस उम्मेदवार भीमसेनदास प्रधान रहेका छन् । यहाँ २४ जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

क्षेत्र नं. ७ मा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र रास्वपाको मुख्य प्रतिस्पर्धा छ । रास्वपाका उम्मेदवार गणेश पराजुली अग्रस्थानमा छन् । उनलाई पछ्याउँदै दोस्रो स्थानमा एमालेका श्याम घिमिरे रहेका छन् । तेस्रो स्थानमा माओवादी केन्द्रकी उम्मेदवार मानुषी यमी भट्टराई रहेकी छन् । यहाँ २७ जना उम्मेदवार प्रतिस्पर्धा गरिरहेका छन् ।

क्षेत्र नं. ८ मा नेकपा एमाले, हाम्रो नेपाली पार्टी, रास्वपा र नेकपा एकीकृत समाजवादी पार्टीको कडा प्रतिस्पर्धा छ । हाम्रो नेपाली पार्टीबाट सुमन सायमीले अग्रता लिएका छन् । उनलाई पछ्याउँदै रास्वपाका विराजभक्त श्रेष्ठ दोस्रो स्थानमा छन् । तेस्रोमा एमाले उम्मेदवार शिवसुन्दर वैद्य छन् भने चौथो स्थानमा नेकपा समाजवादीका जीवनराम श्रेष्ठ रहेका छन् । यहाँ १९ जना उम्मेदवार प्रतिस्पर्धामा छन् ।

क्षेत्र नं. ९ मा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, रास्वपा र राप्रपाको मुख्य प्रतिस्पर्धा रहेको छ । एमालेका उम्मेदवार कृष्णगोपाल श्रेष्ठले अग्रता कायम गरिरहेका छन् । उनलाई पछ्याउँदै रास्वपाका उम्मेदवार टेकबहादुर पोखेल दोस्रो स्थानमा छन् । तेस्रोमा माओवादी केन्द्रकी उम्मेदवार कल्पना धमला रहेकी छन् भने फराकिलो मतान्तरसहित राप्रपाका उम्मेदवार देवेन्द्र प्रधान चौथो स्थानमा रहेका छन् । यहाँ २२ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका छन् ।

क्षेत्र नं. १० मा नेकपा एमाले, नेपाली कांग्रेस, रास्वपा र माओवादी केन्द्र प्रतिस्पर्धामा छन् । कांग्रेस उम्मेदवार राजन केसीले अग्रता लिइरहेका छन् । उनलाई पछ्याउँदै रास्वपाका उम्मेदवार प्रदीप विष्ट दोस्रो स्थानमा छन् । एमालेका उम्मेदवार हिमेश केसी तेस्रो स्थानमा छन् भने माओवादी केन्द्रकी अञ्जना विशंखे चौथो स्थानमा रहेकी छन् । यहाँ १८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

# देशभरका शिवालयमा महादीपान

■ पूर्णप्रसाद मिश्र

**काठमाडौं–** पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवंगत पितृको सद्गतिको कामना गर्दै महादीपदान सुरु भएको छ । प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन पशुपति क्षेत्रलगायत देशभरका शिवालयमा दिवंगत पितृको सद्गतिको कामना गर्दै महादीपदान पर्व मनाइन्छ । यो पर्वलाई पशुपतिनाथ मेलाका रूपमासमेत चिनिन्छ । महादीपदान गर्न सोमबार बिहानदेखि पशुपति क्षेत्रमा भक्तजनको चहलपहल सुरु भएको थियो ।

मार्गशीर्ष कृष्ण त्रयोदशीका बिहानदेखि भेला भएका भक्तजनले सोमबार बेलुकी विधिपूर्वक पितृका नाममा बत्ती बालेका छन् । चतुर्दशीका दिन आज मंगलबार बिहान भने दिवंगत पितृको सद्गतिको कामना गर्दै शतबीज छरिन्छ । त्रयोदशीको बेलुकीदेखि दिवंगत पितृका नाममा अखण्ड महादीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै शतबीज छर्ने परम्परा छ ।

दिवंगत पितृका नाममा महादीपदान गर्न लाखौं भक्तजन पशुपति क्षेत्रमा आएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । बत्ती बाली भक्तजन रातभर शिवालयमा जाग्राम बस्छन् । सोमबार रातभर दीपदान गरी बसेका भक्तजनले मंगलबार बिहानै पितृको सम्झनामा शतबीज छरी बालाचतुर्दशी पर्व मनाउँछन् ।

प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिनाथमा आउँछन् । बत्ती बाल्न बस्ने ठाउँ रोक्न बिहानैदेखि देशका विभिन्न स्थानबाट आएका भक्तजनको पशुपतिमा भीड लाग्ने गरेको हो । जाडोको मौसम भएकाले पाललगायत व्यवस्था गरिएको कोषले जनाएको छ । पशुपति क्षेत्रमा सोमबार बिहानैदेखि सुरक्षाकर्मीलगायतको बाक्लो उपस्थिति रहने गरी व्यवस्था मिलाइएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए ।

आफ्नो परिवारभित्रका दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै १०८ शिवलिंग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप र किराँतेश्वर आदि ठाउँमा शतबीज छर्ने गरिन्छ । बालाचतुर्दशीको पूर्वसन्ध्या मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन राति भक्तजनले पशुपतिनाथको मन्दिर वरपर बसी दिवंगत आत्माका नाममा महादीप बाली भजनकीर्तन र लोक झाँकी प्रस्तुत गरी रात बिताउँछन् ।

शतबीज भनिए पनि हाल सप्तबीज (धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो) छर्दै मृगस्थलीमा रहेका बहिरा गणेशनजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवंगत आत्माले पाउनेगरी सन्देश पुऱ्याउन अनुरोध गरिन्छ । हेमाद्रि नामक धर्मग्रन्थमा उल्लेख गरिएअनुसार शतबीज भन्नाले धानका सय गेडा छर्नुपर्ने अरू अन्न होइन भन्छन्, धर्मशास्त्रविद् प्रा.डा. रामचन्द्र गौतम ।

'भगवान् शिव मृगरूप लिएर घुम्नुभएको पुण्यक्षेत्रमा आजका दिन एक गेडा बीज छर्दा एक गेडा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवंगत आत्माले पनि मुक्ति पाउने चर्चा विभिन्न धर्मग्रन्थमा गरिएको छ,' उनले भने ।

बागमती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारण गरेर विहार गरेको थाहा पाई त्यस शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमको बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगहरू आउँदा सो बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको किंवदन्ती छ ।

यसैगरी बालाचतुर्दशीसँग जोडिएको अर्को एउटा कथा पनि छ । सो कथाअनुसार उहिले पशुपतिको मुर्दाघाटमा बस्ने 'बालानन्द' नामका एक मानिस खाजा खान लाग्दा त्यसै बखत पोलिएको शवको टाउको फुट्न गई उछिट्टिएको गिदी उनको च्युरामा परेको थियो । सो गिदीसँगै च्युरा खाँदा झन् मीठो भएकाले त्यसै बेलादेखि उनी मुर्दाको गिदी खान पल्किए ।

त्यसपछि मानिसको गिदी खाने तथा लामालामा दाह्री, जुँगा र कपालले गर्दा मानिस डराई उसलाई बालासुर राक्षस भन्न थालेको र त्यसै बखत उसको राम्रो परिचय पाएका एकजना थकाली बूढाको सल्लाहअनुसार स्थानीय बासिन्दाले बालासुरको मित वृषसिंहमार्फत् उसलाई मार्न लगाएको कथा पनि प्रचलित छ ।

पशुपतिनाथसँगै राजधानीका गोकर्णेश्वर, डोलेश्वर, वसन्तपुरस्थित सानो पशुपतिनाथलगायत सहर बजारका अन्य शिवालयमा पनि भक्तजनको भीड लागेको छ । जुनसुकै शिवालयमा पनि महादीपदान एवं शतबीज छर्न सकिने पण्डित श्रीराम सापकोटा बताउँछन् । *रासस*


## हाईड्रो होल्डिङ्गस् लिमिटेड

HYDRO HOLDINGS LIMITED

का.जि.का.म.न.पा. ३१, काठमाडौं

को

**शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः मंसिर ०७, २०७९)

यस लिमिटेड द्वारा मिति कात्तिक २५, २०७९ गतेका दिन प्रभाव दैनिक पत्रिकामा प्रकाशित यस कम्पनिको केन्द्रिय कार्यालय निर्माण तथा आन्तरिक बनावट र सजावट सम्बन्धी सूचनाको आधारमा कम्पनीलाई (E–Bid) मार्फत प्राप्त शिलबन्दी बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावकारी तपसिलमा उल्लेखित मूल्याङ्कित बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्रम संख्या | तपसिल | कार्यको प्रकृति | (कूल कबोल रकम मू.अ.कर समेत) |
|---|---|---|---|
| १. | उज्यालो कन्स्ट्रक्सन प्रा.लि. काठमाडौं ३२ स्थायी लेखा नं : ६१०१२२५५६ | कम्पनीको कार्यालय निर्माण र आन्तरिक बनावट | रू.१०१७००००/- |


## आजको राशिफल




आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


मंसिर ६ गते मंगलबार (कृष्ण चतुर्दशी, पञ्चाङ्गः सौभाग्य वणिज स्वाति)

| | |
|---|---|
| मेष | आज माया प्रेममा सामीप्यता बढ्नेछ भने घर परिवार तथा आफन्तबीचको सम्बन्धमा सुधार भएर जानेछ । |
| वृष | नोकरी तथा व्यवसायमा लाभ मिल्नेछ । |
| मिथुन | मन खिन्न हुने स्थिति आउनेछ । |
| कर्कट | आज कुनै कुराले मनमा शान्ति छाउनेछ । |
| सिंह | आज श्रमको उचित मूल्याङ्कन हुनेछ । |
| कन्या | रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । |
| तुला | आज प्रेममा बाधाका साथै मन कमजोर रहला । |
| वृश्चिक | राज्यबाट मान सम्मान पाइनेछ । |
| धनु | आज परिवारमा सुख सन्तोष छाउनेछ । |
| मकर | चोटपटकबाट जोगिनु हुनेछ । गर्नै पर्ने काममा सहभागिता जनाइने छ । |
| कुम्भ | आँटेको र ताकेको कार्य पुरा होला । |
| मीन | आकस्मिक धनलाभ हुनेछ । महिला वर्गबाट सहयोग पनि मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर ६ गते, २०७९, २२ नोभेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.४० | १३१.०० |
| युरो | १ को | १३५.२६ | १३५.८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५५.४६ | १५६.१८ |
| स्विस फ्रैन्क | १ को | १३७.०६ | १३७.६९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४९ | ८७.८९ |
| क्यानाडियन डलर | १ को | ९७.७७ | ९८.२२ |
| सिंगापुर डलर | १ को | ९४.९९ | ९५.४३ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | १८.३२ | १८.४० |
| साउदी अरब रियाल | १ को | ३४.६९ | ३४.८५ |
| कतारी रियाल | १ को | ३५.६५ | ३५.८१ |
| थाई भाट | १ को | ३.६५ | ३.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५० | ३५.६७ |
| मलेसियन रिंगेट | १ को | २८.६४ | २८.७७ |
| दक्षिण कोरियन वन | १०० को | ९.७५ | ९.७९ |
| स्विडिस क्रोनर | १ को | १२.३० | १२.३६ |
| डेनिस क्रोनर | १ को | १८.१९ | १८.२७ |
| हङकङ डलर | १ को | १६.६७ | १६.७५ |
| कुवेती दिनार | १ को | ४२३.६५ | ४२५.६० |
| बहराइन दिनार | १ को | ३४५.९४ | ३४७.५३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।













१) हेलिकप्टरमार्फत सिमकोट ल्याइपुऱ्याइएको हुम्लाको उत्तरी नाम्खा गाउँपालिका लिमीको तीन मतदान केन्द्रको मतपेटिका। २) जिल्ला समन्वय समिति संखुवासभामा भण्डारण गरिएको मतपेटिका। ३) मुख्य निर्वाचन अधिकृतको कार्यालय दिक्तेलमा मतपेटिका बुझाउने तयारी गर्दै कर्मचारी। ४) पोखरा सभागृहमा तारजालीभित्र कास्की क्षेत्र नं २ को मत गणना गरिँदै। *तस्बिरहरू: रासस*

# देवचुलीमा ५८६ मत खस्यो

**नवलपुर (प्रस)**– आइतबार मतपेटिका जलाइएपछि स्थगित भएको नवलपुर क्षेत्र नं १ अन्तर्गत पर्ने देवचुली-४ मा सोमबार मतदान भएको छ। स्थानीय शान्ति सृजना आधारभूत विद्यालयमा सोमबार पुनः भएको मतदानमा ५८६ मत खसेको मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेलले जानकारी दिए।

लुइँटेलका अनुसार देवचुलीको मतपेटिका मतगणनास्थल कुमारवती बहुमुखी क्याम्पसमा ल्याइसकिएको छ। नवलपुरको क्षेत्र नं १ मा कूल एक लाख ३१ हजार १८१ मतदाता रहेकामा ८७ हजार ३८२ मत खसेको लुइँटेलले बताए। यस क्षेत्रमा ४८ हजार ४०५ महिला, ३८ हजार ९७६ महिला तथा एक जना अन्यले मतदान गरेका लुइँटेलले जानकारी दिए।

मतगणना गर्ने तयारीस्वरूप क्षेत्र नं १ को सर्वदलीय बैठक दिउँसै बसेको भन्दै उनले अबको केहीबेरमा मतगणना सुरु गरिने बताए। नवलपुर क्षेत्र नं १ को मतगणना विभिन्न चार स्थानबाट गर्ने तयारी भइरहेको उनले बताए। मुख्य निर्वाचन अधिकृत लुइँटेलका अनुसार मतगणना सुरु भएको पाँच दिनभित्र अन्तिम मतपरिणाम सार्वजनिक गरिने बताइएको छ।

# मधेस प्रदेशमा ६७ प्रतिशत मतदान

**जनकपुरधाम (प्रस)**- प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि आइतबार भएको निर्वाचनमा मधेस प्रदेशमा ६७ प्रतिशतभन्दा बढी मतदान भएको छ।

नेपाल प्रहरी मधेस प्रदेश कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले आठवटै जिल्लामा औसत ६७.६९ प्रतिशत मतदान भएको जानकारी दिए। उनका अनुसार धनुषामा ६५.७७, महोत्तरीमा ६२.६४ र सप्तरीमा ६२ प्रतिशत मत खसेको छ। त्यस्तै, सर्लाहीमा ६२.१५, रौतहटमा ६७, बारामा ६६.८६, पर्सामा ६९ र सिरहामा ६६.७७ प्रतिशत मत खसेको छ।

छिटपुट घटनाबाहेक मधेस प्रदेशमा निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको पनि प्रवक्ता तिम्सिनाले बताए।

मधेस प्रदेशका आठ जिल्लामा ३२ वटा प्रतिनिधिसभा र ६४ वटा प्रदेशसभा सदस्यका लागि भएको निर्वाचनमा १८ लाख २७ हजार ८५४ जना पुरुष, १५ लाख ५८ हजार ७०४ र अन्य ७० जना गरी कूल ३३ लाख ८६ हजार ६२८ मतदाता रहेका छन्। यहाँ दुई हजार १५६ मतदानस्थल र चार हजार २३५ मतदान केन्द्र रहेका थिए।


## प्रभु होल्डिङ्स् लिमिटेड

PRABHU HOLDINGS LIMITED

का.म.न.पा. ३१ काठमाडौं

को

### शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: मंसिर ०७, २०७९)

यस लिमिटेड द्वारा मिति कात्तिक २५, २०७९ गतेका दिन प्रभाव दैनिक पत्रिकामा प्रकाशित यस कम्पनिको केन्द्रिय कार्यालय निर्माण तथा आन्तरिक बनावट र सजावट सम्बन्धी सूचनाको आधारमा कम्पनीलाई (E–Bid) मार्फत प्राप्त शिलबन्दी बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावकारी तपसिलमा उल्लेखित मूल्याङ्कित बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्रम संख्या | तपसिल | कार्यको प्रकृति | (कूल कबोल रकम मू.अ.कर समेत) |
|---|---|---|---|
| १. | उज्यालो कन्स्ट्रक्सन प्रा.लि. काठमाडौं ३२ स्थायी लेखा नं : ६१०१२२५५६ | कम्पनीको कार्यालय निर्माण र आन्तरिक बनावट | रू.१०१७००००/- |


# विजयी सुरुआतसँगै चर्चामा योगेश

■ वासुदेव पौडेल/सन्तोष गौतम




मुस्ताङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेपाली कांग्रेसका उम्मेदवार योगेश गौचन। *तस्बिर: रासस*

**गण्डकी**– यस पटकको प्रतिनिधिसभाको निर्वाचनमा विजयी सुरुआत गरेको नेपाली कांगेसका उम्मेदवार हुन्, योगेश गौचन थकाली। उनले नेकपा एमालेका उम्मेदवार प्रेमप्रसाद तुलाचनलाई पराजित गर्दै संघीय संसद्को यात्रा तय गरेका हुन्।

मुस्ताङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित योगेश २९ वर्षका छन्। कांग्रेसले उठाएका उम्मेदवारमध्येका सम्भवतः कान्छा योगेशतर्फ यतिखेर सबैको ध्यान आकृष्ट भएको छ।

निवर्तमान सांसद नेकपा एमालेका केन्द्रीय सदस्य तुलाचनलाई ९१४ मतान्तरले पछि पार्दै गौचन विजयी भएका हुन्। प्रतिनिधिसभा सदस्यमा एक निर्वाचन क्षेत्र रहेको मुस्ताङमा चार जना प्रतिस्पर्धामा थिए। राष्ट्रिय स्वतन्त्र पार्टीका सुदेश गुरुङले ८७ र राप्रपाका प्रवीणकुमार शेरचनले १३ मत पाए। कांग्रेसका गौचन पाँच दलीय गठबन्धनबाट उम्मेदवार बनेका थिए।

कांग्रेसको गण्डकी प्रदेश सदस्य योगेश कांग्रेसका जिल्ला सभापतिसमेत रहेका पूर्वमन्त्री रोमी गौचन थकालीका छोरा हुन्। वि.सं. २०५० वैशाख २७ गते मुस्ताङको थासाङ गाउँपालिका लेतेमा जन्मिएका योगेशले ब्याचलर अफ विजनेश म्यानेजमेन्टको अध्ययन गरेका छन्। होटेल कालोपानी लेते मुस्ताङ र पोखरामा त्रिथुंगा होल सञ्चालन गर्दै आएका उनी ट्राभल्स एण्ड टुर्स प्रालिको प्रबन्ध निर्देशकका साथै मुस्ताङमा किवीखेतीसँगै व्यावसायिक कृषिमा सहभागी बनेका छन्।

जिल्लामा नेपाल विद्यार्थी संघबाट राजनीति सुरु गरेका उनी नेविसंघको राजनीतिसँगै भूगोलमा पनि जोडिएका थिए। उनी पार्टीको जिल्ला कार्यसमिति सदस्य पनि सानै उमेरमा बनेका थिए। उनी पार्टीको साविक लेते गाउँ सभापति पनि बनेका थिए। हाल पार्टीको महासमिति सदस्य रहेका उनी गण्डकी प्रदेश कार्यसमितिमा रहेका छन्।

प्रेमले २०७४ को चुनावमा योगेशका बुबा रोमीलाई ४८५ मतान्तरले पराजित गरेका थिए। वि.सं. २०७० को चुनावमा कांग्रेसका रोमी कांग्रेसबाट बागी उठेका प्रेमलाई १३ मतान्तरले पराजित गर्दै निर्वाचित भएका थिए।

मुस्ताङको थासाङ गाउँपालिका-३ लेते कालोपानीका योगेश र प्रेम साला भेना पर्छन्। रोमी (योगेशका बुबा) र प्रेम मामा-फूपूका छोरा हुन्।

रोमीले आफूलाई आएको प्रतिनिधिसभा सदस्यको टिकट मनोनयन दर्ताका क्रममा छोरा योगेशलाई थमाएका थिए। वि.सं. २०४७ पछि मुस्ताङमा नेपाली कांग्रेसले अहिलेसहित चार पटक र नेकपा एमालेले दुई पटक संसदीय निर्वाचन जितेका छन्।

२०७४ मा एमाले प्रवेश गरेका प्रेम रोमीलाई पछि पार्दै दोस्रो प्रयासमा संसद् छिरेका थिए। दोस्रो पटक संसद् छिर्ने प्रेमको योजना योगेशले असफल बनाइदिए। रोमी २०५६ मा पनि मुस्ताङबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए। उनी २०७३ मा वाणिज्यमन्त्री भए। २०७४ को चुनावमा मुस्ताङको प्रतिनिधिसभा र दुई वटा प्रदेशसभा सदस्यमा एमालेले जितेको थियो। नयाँ र युवा उम्मेदवारप्रति मतदाताको आकर्षण, गठबन्धनमा आबद्ध दलको साथ र स्वतन्त्र मतदाता आफ्नो पक्षमा रहेकाले चुनाव जित्ने योगेशको दाबी थियो।

योगेशले चीनको सिमानामा रहेको कोरला नाका सञ्चालन गर्न चीनसँग कूटनीतिक प्रयास र त्यहाँ जोड्ने सडक पूर्वाधार तयार पार्ने मुद्दालाई प्राथमिकता दिने निर्वाचनका क्रममा बताएका थिए। जोमसोम-कोरला सडक कालोपत्र गर्ने र बेनी-जोमसोम सडकलाई स्थायी र दीर्घकालीन निकास दिन पहल गर्ने मतदातासमक्ष प्रतिबद्धता जनाएका थिए। *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Radar Al Khaleej General Contractin

पूर्व स्वीकृति मिति : २०७९/०६/२७ | LT. No. 273727 | चलानी नं. ६०१६५६७२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: SR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worke | 5 | 0 | 1000 | ३४६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मंसिर १४ गते (30th Nov 2021) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt Lic No. 780/065/066

LOTUS Human Resourse Pvt. Ltd

A Complete Human Resource Company

P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035

Email: lotushumanresource@wlink.com.np, info@lotushrnepal.com, Web: www.lotushrnepal.com


# कर्णालीका तीन जिल्लामा आजसम्म मतपेटिका संकलन हुने

**कर्णाली**- कर्णाली प्रदेशका हुम्ला, मुगु र डोल्पामा आज मंलबारसम्म मतपेटिका जिल्ला सदरमुकाममा आइपुग्ने बताइएको छ। सुर्खेतस्थित कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले जाजरकोटमा सोमबार बेलुका र रुकुम पश्चिममा दिउँसोसम्म मतपेटिका संकलन हुने जानकारी दिए।

माथिल्लो कर्णालीका तीन जिल्लाबाट सोमबार मतपेटिका जिल्ला आउन नसकेको उनले बताए। 'भौगोलिक विकटताका कारण सबै जिल्लाका मतपेटिका जिल्लामा आइपुगेका छैनन्,' प्रहरी नायब महानिरीक्षक पोखरेलले भने, 'हुम्ला, मुगु, र डोल्पा जिल्लामा मंगलबारसम्म मतपेटिका जिल्लामा आइपुग्ने देखिन्छ।'

हुम्लाको उत्तरी भेग र डोल्पाको माथिल्लो क्षेत्रको मतपेटिका संलनका लागि हेलिकप्टर प्रयोग गर्नुपर्ने अवस्था छ। हुम्ला जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी श्याम रानाले नाम्खा गाउँपालिको हल्दीदाङ, तिल, सर्केगाड, चंगेली, ताँजाकोट र अदानचुली गाउँपालिकाबाट मतपेटिका आइनपुगेकाले हेलिकप्टर माग गरिएको जानकारी दिए।

डोल्पाका निर्वाचन अधिकारी रामबहादुर शाक्यले माथिल्लो डोल्पामा पर्ने छार्कातांसोङ से-फोक्सुन्डो, डोल्पोबुद्ध गाउँपालिकाका मतदान केन्द्रबाट मतपेटिका हेलिकप्टरबाट ल्याइने बताए। मुगुका प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले जिल्लाका सबै पालिकामा सडक नजोडिएकोले दुई दिनको बाटो हिँडेर मतपेटिका सदरमुकाम गमगढी ल्याउने काम भइरहेको बताए। सबै पालिकाको मतपेटिका सदरमुकाम पुगेपछि मंगलबारदेखि मतगणना सुरु हुने उनले जानकारी दिए। प्रजिअ महतकाअनुसार हुम्ला, डोल्पा र मुगुमा आजदेखि मात्र मतगणना हुनेछ। *रासस*

# म्याग्दीमा ५८ प्रतिशत मतदान

**म्याग्दी (प्रस)**– प्रतिनिधि र प्रदेशसभा सदस्य चयनका लागि आइतबार भएको मतदानमा म्याग्दीमा ५८.७८ प्रतिशत मत खसेको छ। कूल ८६ हजार १२० जनामध्ये ५० हजार ६२५ अथवा ५८.७८ प्रतिशत मत खसेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

मुख्य निर्वाचन अधिकृत कृष्णप्रसाद नेपालले ११९ मतदान केन्द्रमा ४२ हजार ५५ पुरुष र ४४ हजार ६४ महिला मतदाता रहेकामा २४ हजार ३३१ पुरुष र २६ हजार २९३ महिलाले मतदानमा भाग लिएका जिल्ला निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले जानकारी दिए। सबैभन्दा कम रघुगंगा गाउँपालिका-८ को कुइने माध्यमिक विद्यालयमा ३१.८३ प्रतिशत मत खसेको छ। ३३३ मतदाता रहेकामा १०६ मत खसेको छ।

सबैभन्दा बढी रघुगंगा गाउँपालिका-४ दग्नामको जनता मावि मतदान केन्द्रमा ८४.६५ प्रतिशत मत खसेको छ। यहाँ ७६२ मतदाता रहेकामा ६४५ मत खसेको छ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BORNEO SPRINGS SDN.BHD.

पूर्व स्वीकृति मिति:२०७९/०८/५ | LT No : 275961 | चलानी नं. ६०१८३२४०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 35 | 0 | 1500 | ४२९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १३ गते (29th Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५०० कामदार आफैले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

B.M. Overseas Pvt. Ltd.

Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292

E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# रेमिटचान्स पठाउनेलाई सधैं किनारा

मुलुकमा भित्रिने रेमिटचान्सले अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको तथ्य लुकेको छैन। कूल गार्हस्थ उत्पादन (जिडिपी) मा करिब २५ प्रतिशत हिस्सा ओगट्ने रेमिटचान्स वैदेशिक रोजगारीमा गएका श्रमिकहरुले पठाउने गर्दछन्। यसले मुलुकमा विदेशी मुद्रा सञ्चिति तथा वैदेशिक व्यापारमा भइरहेको घाटा पूर्तिमा ठूलो सहयोग गरेको छ। स्वदेशमा रोजगारीको अवसर नपाएर विदेशिन बाध्य युवाहरु मताधिकारबाट समेत वञ्चित हुँदै आएका छन्। जो जहाँ कार्यरत छ त्यहींबाट मतदान गर्न पाउने अवस्था नहुँदा लाखौं युवा मताधिकार उपयोग गर्नबाट वञ्चित हुनुपरेको हो।

यही ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा ६१ प्रतिशतमात्र मत खस्यो। यो पछिल्लो १५ वर्षयताकै न्यून मतदान हो। मतदाताहरु यसपटक मतदानका लागि उत्साहित भएको देखिएन। अर्कोतर्फ मतदान हुँदै गर्दा विदेशिने युवाहरुको भीड त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लागेको थियो। आफ्नो मताधिकार प्रयोग गर्न नपाएकामा उनीहरु खिन्न मन लिएर विमानस्थलमा पुगेको देखिन्थे। मतदान गरेर आफूले चाहेको जनप्रतिनिधिलाई जिताउने चाहना भए पनि बाध्यताले विदेशिनुपर्दा मतदान गर्न नपाएको उनीहरुको गुनासो थियो। न्यून मतदान हुनुको कारणमध्ये एक यही नै हो। मतदाता नामावलीमा नाम भएका युवाहरु धमाधम विदेशिरहेका छन्, अनि मतदान कसरी हुन्छ ?

त्यसो त दलहरुले पटक-पटक विदेशमा रहेका नेपालीलाई त्यहींबाट मतदान गर्न पाउने व्यवस्था गर्ने बताउँदै आए पनि त्यो हुन सकेको छैन। यसबाट लाखौं युवा मताधिकारबाट वञ्चित हुनुपरेको छ। रोजगारी, व्यवसाय तथा उच्च शिक्षाका लागि लाखौं नेपाली विदेशिएका छन्। उनीहरुले आफू कर्मभूमिमा जहाँ रहे पनि नेपालमा हुने निर्वाचनमा भाग लिन पाउनुपर्ने माग गर्दै आएका छन्। यस्तो व्यवस्था गर्न राज्य संयन्त्रका साथै दलहरु उदासीन बन्नुको परिणाम उनीहरु मतदानबाट वञ्चित हुनुपरेको छ।

चुनावमा दलहरुले स्वदेशमै रोजगारीको ग्यारेण्टी गर्ने प्रतिबद्धता जनाएका छन्। उनीहरुले वैदेशिक रोजगारीको बाध्यतालाई हटाउन आकर्षक योजनाहरु समेटेका छन्। दलहरुले यसरी प्रतिबद्धता जनाएको पहिलोपटक भने होइन। विगतका घोषणापत्रहरु हेर्ने हो भने पनि सोही प्रतिबद्धता दोहोरिँदै आएको पाइन्छ। तर, व्यवहारमा जुन दलले सरकारको नेतृत्व गरे पनि चुनावी प्रतिबद्धता कार्यान्यवन गरेका छैनन्। यसले दलहरुप्रति युवाहरुको आकर्षण ह्वात्तै घटेको यसपालिको निर्वाचनमा देखिएको छ।

विदेशमा रहेकाहरुलाई मतदान गर्ने व्यवस्था नगर्नु भनेको मुलुकको अर्थतन्त्रमा योगदान पुऱ्याउने रेमिटचान्स भित्र्याउने श्रमिकहरुप्रतिकै अपमान हो। उनीहरुले विदेशी भूमिमा बगाएको श्रमको अपमान हो। रेमिटचान्स पठाउनेहरुलाई नै किनारा लगाउने प्रवृत्ति हटेन। यस पटकको निर्वाचनमा विदेशबाटै मतदान गर्ने व्यवस्था होला कि भन्ने उनीहरुको चाहना थियो, तर त्यो पूरा भएन। यसमा राज्य सञ्चालक, राजनीतिक दलहरुको ध्यान जानै पर्छ। आगामी निर्वाचनसम्म उनीहरुलाई मताधिकार विदेशबाटै सदुपयोग गर्ने व्यवस्था गराउनुपर्छ। नेपालीहरुले विदेशमा गरेको श्रमलाई सम्मान गर्नैपर्छ। यसमा आगामी सरकारको नेतृत्वमा आउने तथा संसद्मा पुग्ने जनप्रतिनिधिहरुको ध्यान जानुपर्छ। आशा गरौं आगामी निर्वाचनमा यो समस्या दोहोरिने छैन।

# बुङमती र खोकना बस्तीको ऐतिहासिक पक्ष



पदम श्रेष्ठ

ललितपुरस्थित बुङमती र खोकना चक्रपथबाट आठ किलोमिटर दक्षिणमा पर्दछ। वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथ (बुङगद्यो) विराजमान पूर्वमा फुल्चोकी डाँडा र नख्खु खोला, पश्चिममा ध्यानाचो चम्पादेवी डाँडा र बागमतीबीचको यी दुई बस्ती पुरानो र ऐतिहासिक बस्तीका रूपमा परिचित छन्। असमान ढिस्का र फाँटबीच बुङमती र खोकना राजा अंशुवर्माको राज्यकाल सम्वत् २९ देखि विशेष चर्चामा आएको बताइन्छ। ती ऐतिहासिक बस्तीमध्ये युएन ह्याबिटचाट गैरसरकारी संस्थाको अगुवाइ, आवासका लागि गैरसरकारी संस्था लुमन्तीलगायतको सहभागितामा बुङमतिको सम्पदा, संस्कृति, जात्रा पर्व, कला संरक्षणार्थ भएका गतिविधिबारे जानकारी गराएको थियो। स्थानीयहरूको सहकार्य र सहभागितामा यी गैरसरकारी संस्थाहरूले बहुउदेश्यीय भवनभित्र काष्ठकला तथा चित्रकला संग्रहालय कक्ष निर्माणका साथै काष्ठकर्मीहरूले गरिरहने कार्यको प्रत्यक्ष अवलोकन गर्ने, किनबेच गर्न सक्ने व्यवस्था गरिएको छ।

कार्यकालको प्रगति विवरण प्रस्तुत गर्दै परियोजना प्रमुख अनिल तुलाधरले भने- बुङमतीमा २०७२ सालको भूकम्पमा ८४६ वटा घरमध्ये ५७६ वटा भत्किएका थिए, ती घरको पुनर्निर्माण भएको थियो। पुनर्निर्माणमा अभियानले प्राविधिक सहयोग पुऱ्याउनुका साथै युरोपियन युनियनको सहयोगमा सीपमूलक तालिम, होमस्टे सञ्चालनदेखि आर्थिक प्रवर्द्धनका लागि ४४ वटाभन्दा बढी पोखरीहरू, पाटीपौवा, देय्भोय् छें र बुङमती संग्रहालय प्रवर्द्धन गर्न सक्षम भएको बताएका थिए। परियोजनाबाट ज्यामी, काष्ठकर्मी ६०० जना, चित्रकला, दकर्मी, सिकर्मी, विज्ञ मिस्त्री ४४० जना र सीपविज्ञ ६० जना परियोजनाले तयार गर्न सक्षम भएका थिए।

### बुंगद्योको आदिभूमि बुङमती

'बुँ'ले नेपाल भाषामा खेत, 'ग'ले अखडा र मती खेतलाई बुङमती भनिए। राजा नरेन्द्र देवको राज्य इ.सं. ६४३-६९० ताका काठमाडौंमा १२ वर्ष खडेरीबाट हाहाकार मच्चिएछ। कान्तिपुरका आचार्य बन्धुदत्तले भनेछन्- गुरू गोरखनाथ रिसाएर नौ नागको आसन बाँधी दिएका कारण पानी नपरेको हो। यसका लागि रातो मच्छिन्द्रनाथलाई कामरूपकामाक्षा (आसाम)बाट नेपाल ल्याउनुपर्ने सल्लाहअनुसार राजा नरेन्द्रदेव, बन्धुदत्त आचार्य र ललितज्यापू तण्डुकारले मच्छिन्द्रनाथलाई नेपाल ल्याउँदा गुरूको सम्मानमा गोरखनाथ उठिदिँदा नाग फुक्का भई वर्षा भएको बताइन्छ।

भनिन्छ- बुङमतीमा काठमाडौं, ललितपुर र भक्तपुरबाट ३०० परिवार बसाइएछ। क्षेत्रफल सानो भए पनि मच्छि वहाल, मुननि, तःननि, वरेननि, चाहलननि, गुठननि, मोंखा, इखा, बोंछ,चाछें, झ्वछे, पदमपुर, अनरापुर, दिपङ्कर बुद्ध विहार, द्यो क्यवः, बै क्यवः, नाय क्यवः, झुमु, खाफ, पाउली, देगचा, जाहोलाखेल छन्। त्यसैगरी चुनिखेल, सतःटोल, कोटालाछी, ताफः, तातुँ, आगँतुं, नायतुँ, नःपुखु, देपुखु, खाःपुखु, द्योखाँ, पनेपुखु, चोगाँ, न्ह्वथा, खान गाः, स्वेचा, चाँह छन्।

### भृङ्गपाद रातो मच्छिन्द्रनाथ बुंगद्यो

नेपालकै प्रथम बुद्ध सम्मेलनस्थल बुङमतीमा रातो मच्छिन्द्रनाथको मन्दिर छ। मुगल शैलीमा नौ गजुर २२ ढुंगे स्तम्भ र गजुरमा शंखचक्र गढा पद्म छ। राजा नरेन्द्रदेवद्धारा निर्मित रातो मच्छिन्द्र वहालमा नेपाल सम्पदा संघका अनुसार ने.सं. ७९५ र ८९१ का अभिलेख छन्। राजा श्रीनिवासले नै पाटन तःबहालमा अर्को तीनतले प्यागोडा शैलीको मन्दिर बनाई छ-छ महिना पालैपालो बुङमती र पाटनमा नाथको देवता राख्ने र १२ वर्षमा बुङमतीबाटै रथारोहण चलाएका हुन्। मच्छिन्द्रनाथ वीर पुस्तकालयको कौलज्ञानमा आफू कौल बताएका छन्।

### हयग्रिव भैरव मुननि मनकामनाः

मच्छिन्द्रबहालकै दक्षिण कुनामा दुई तले ह्याग्रिव भैरव मन्दिर ने.सं. ७७० मा निर्मित हो। भनिन्छ, मच्छिन्द्रनाथलाई नेपाल भित्र्याइसकेपछि ह्याग्रिव भैरवले नै बुङमतीमा विराजमान गराएका थिए। ह्याग्रिव भैरवबाट ठीक विपरीत अर्धांगिनी मनकामनाको मन्दिर छ। मुननि चोक बुङमतीका ह्याग्रिव भैरव गोर्खा मनकामना पुग्दा दुवैमा प्रेम बस्न पुगेछ र विवाह गरेछन्। त्यसपछि असल मनकामना यहीं भएको बताइन्छ। चारतले मनकामना मन्दिरको माथि प्यागोडाशैलीको एक स्तम्भ र चोकमा ने.सं. ८२९ मा स्थापित बुद्धचैत्य छ।

### बुंगवहिल (अमरावती महाविहार)

गोपालराज बंशावलीमा बुंगयायी ग्राम भनिने बुङमतीलाई लिच्छविकालमा अपरापुर भनिन्थ्यो। छ मुख्य पोखरी धर्मपुर, शान्तिपुर, मणिपुर र अमरापुर चार विहारमध्ये अमरावती महाविहारलाई बुंगवहिल भनिन्छ। बौद्ध शिक्षा दिन ने.सं. ८०८ मा निर्मित बुंगवहिलको मूलढोकामा ढुंगे सिंह छन् भने ने.सं. ९५१ मा भिक्षु धर्मसेन्जु प्रभृत्तिद्धारा जीर्णोद्धार गराएका हुन्।

### न्हवः गाः र कार्यविनायक

चावहिलको चन्द्रविनायक, भक्तपुरको सूर्यविनायक, चोभारको जलविनायकजस्तै बुङमतीको कार्यविनायक हुन्। सादा ढुंगा पुजिने कार्यविनायकमा कठिन काम पूरा गराउनका लागि भाकल गर्ने गर्दछन्। बुङमतीको मुलबस्तीबाट अलि छुट्टै न्हवःगाः छ। ने.सं. ७८१ मा निर्मित मन्दिरको छाना धातुयुक्त छ भने प्रवेशद्वार दायाँबायाँ ढुंगे सिंह, घण्टा, छुचुन्द्रो वरिपरि भोज खाने भजन गर्ने फल्चा पाटी छन्।


### रोई-रोई बसाएको बस्ती खोकना

तेल उत्पादन केन्द्र खोकनाबारे आख्यानअनुसार शितला रोगले अचेत एक ज्यापु मरेको ठानी काठमाडौं टेकुस्थित बागमतीमा जलाउन लगेछन्। चितामा खाख्दा एक्कासी बाढी आई बगाएर किनारमा फालिदिएछ। होस खुल्दा आफूलाई निर्जन नदी किनारमा पाउँदा ठूलो पीर गरी रून थालेछन्। विक्षिप्त ज्यापूलाई ध्यानाचोमाजुले प्रत्यक्ष दर्शन दिँदै तिम्रा परिवारले मृत्यु भइसकेको ठानी कर्मकाण्ड गरिसकेकाले घर फर्कन उचित नहुने भन्दै अन्तर्ध्यान भएछन्। रोईरोई बसाएको बस्तीलाई नेपाल भाषामा खोकना भनिएको हो।

### ध्यानाचोमाजु सिकाली अजिमा

बस्तीको बीच तीनतले अजिमाको झिंगटी छाने प्यागोडा शैलीको मन्दिर छ। ने.सं. ५६८ मा राजा अमर मल्लले ७०० घरसहित बस्ती व्यवस्थापन गर्दा पीठबाट ल्याई यहाँ प्रतिष्ठापित गराएको हो।

आश्विन शुक्ल तृतीया र कार्तिक पूर्णिमाका दिन दुईपल्ट खोकनामा पाटन बुबहालका गुरूजु चैत्यराजद्वारा सिकाली गणनृत्य नचाउँछन्। भनिन्छ, यो नृत्य ने.सं. १६५ देखि धीरजनरसिंह आजुले थालनी गरिएको हो। दसैं-तिहार नमनाउने खोकनावासीले टेकुबासी पुर्खाको स्मरणमा १२ वर्षे पचली-सिकाली थानमा पूजा गर्ने परम्परा कायमै छ। झिंगटीछाना तीनतले सिकाली अजिमाँको जात्रा अवधिभर खोकना प्रवेश गर्दा जुत्ता लगाएर जान पाइँदैन।



नेपालकै प्रथम बुद्ध सम्मेलनस्थल बुङमतीमा रातो मच्छिन्द्रनाथको मन्दिर छ। मुगल शैलीमा नौ गजुर २२ ढुंगे स्तम्भ र गजुरमा शंखचक्र गढा पद्म छ। राजा नरेन्द्रदेवद्धारा निर्मित रातो मच्छिन्द्र वहालमा नेपाल सम्पदा संघका अनुसार ने.सं. ७९५ र ८९१ का अभिलेख छन्। राजा श्रीनिवासले नै पाटन तःबहालमा अर्को तीनतले प्यागोडाशैलीको मन्दिर बनाई छ-छ महिना पालैपालो बुङमती र पाटनमा नाथको देवता राख्ने र १२ वर्षमा बुङमतीबाटै रथारोहण चलाएका हुन्।

## मननयोग्य

### चाणक्य नीति

चाणक्यले सभाविसर्जनको संकेत दिदै चन्द्रगुप्तलाई साथ लगाई गोप्य घरमा लगे।

यता चन्द्रगुप्त खिन्न थिए। उता राजा पर्वतक महलमा नाचगान खानपानको क्रममा अनि सुरा र सुन्दरी पनि साथै थिए। जब हृदयको ढुकढुकी बढ्छ थामेर थाम्न सकिन्न, सुराको मस्ती यति धेरै हुँदैन जति ती विश्वमोहिनीको भोगको इच्छा अति प्रबल इच्छा हुदै गइरहेथ्यो।

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए। उनलाई एक कपकपी भयो सुन्दरीलाई चिन्दै नचिनी आवेगमा भरपूर एक चुम्बन लिए मानी राजालाई हजारौं विषधरले एकैपटक हसेजस्तो भयो। राजा संजाशून्य भए (अर्थात् राजाको प्राण गयो।)

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो। चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे। पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे। मुखवाट फिज निस्की विच्छ्यौनामा जमेको थियो। ती सुन्दरी डरले काम्दै एउटा कुनामा खडा थिइन्।

चाणक्यले चन्द्रगुप्तपट्टि हेर्दै भने- 'देख्नुभो राजन्। यो विषकन्या थिई। यो राक्षसको डरलाग्दो षड्यन्त्र थियो। तर, उसलाई यो थाहा थिएन चाणक्यलाई झुक्याउन यति सरल छैन। मैले आँखाको नानी हेरी थाहा पाएँ। यी विषकन्या हुन्। यो सबै भेद त्यही सोमदेवबाट थाहा भयो। ऊ वास्तवमां राक्षसको विश्वासी गुप्तचर थियो। हिजै सोमदत्त बन्दी भइसक्यो। यी सुन्दरीलाई पनि देशनिकाला गर्नोस् किन कि यी सुन्दरी अरू कसैको मृत्युको कारण नबनून्।

"सुन्नोस्। पर्वतक राजाको मृत्यु अफसोच भयो होला वास्तवमा तिनी हाम्रा मित्र थिएनन् राक्षसको गुप्तयोजना मलाई थाहा भयो यसैले अहिले राक्षसका तीरबाट राक्षसको पराजय भयो।"

यति भन्दै चाणक्य आफ्ना निवासतर्फ लागे। चन्द्रगुप्त सोच्न थाले बी रहस्यमय मानिसका विषयमा जसलाई चन्द्रगुप्तले त्रिकालज्ञ हुन् भन्ने सोचे। क्रमशः

पत्र-मञ्जुषा

# निर्वाचनमा किन देखिएन जनताको उत्साह ?

लागि २०६२/६३ सालमा मुलुकभरका जनता सडकमा उत्रिए। १९ दिने लामो जनआन्दोलन भयो। उक्त आन्दोलनमा परेर कति घाइते भए, कति सहिद। मुलुकले राम्रो नेतृत्व पाउँछ, देश विकास हुन्छ, बेरोजगारी हट्छ, गरिबी निर्मुल हुन्छ भन्ने अपेक्षा राखेर जनताले त्यत्रो संघर्ष गरे। उक्त आन्दोलन सफल पनि भयो। राजतन्त्र हटचो, लोकतन्त्र आयो।

तर, जनताको अवस्थामा केही परिवर्तन आएन। न बेरोजगारी हटचो न महँगी। दुई पेट भर्न जनतालाई सकस छ। भ्रष्टाचारले सीमा नाघिसकेको छ। देश भ्रष्टाचारीहरूको दलदलमा फस्दै गएको छ। विकास नाममा मात्रै सीमित भयो। गरिबी पाखा लाग्न सकेन। जनताहरू सडकमा आउनुको उद्देश्य अलिकति पनि पूरा हुन सकेन। बेथिति झन्झन् बढ्दै गएको छ।

जनतामाथि राजनीतिक दलहरूले शासन गर्न खोजे। आफ्नो नजिकको मान्छेले जे गरे पनि छुट छ। सांसद् नै नभएका व्यक्ति मन्त्री बनेका छन्। पार्टीमा बीसौं वर्ष संघर्ष गरेकाले टिकट नै पाउँदैनन्। कलाकार, व्यापारी, भ्रष्टाचारी, प्रहरीबाट अवकाश पाएकाहरूले मात्र टिकट पाएका छन्। राजदूत पनि आफ्नो निकटका व्यक्तिहरूलाई दिने गरिएको छ। ठेक्कापट्टा पनि आफ्नै कार्यकर्तालाई दिइन्छ।

जनताको बारेमा कसले सोच्ने ? नेताहरूको यस्तै पाराले गर्दा जनताहरू यो चोटिको चुनावमा भोट नै हाल्न गएनन्। जनताहरूमा उत्सुकता नै देखिएन। जसलाई भोट दिए पनि देशको अवस्थामा कहिले परिवर्तन नभएपछि जनताहरूले भोट हाल्नुभन्दा नहाल्नु नै उचित सम्झिए। नेताहरूमाथिबाट जनताको विश्वास हटिसकेको छ। आफ्नो मन खाएका, आफूले रुचाएको व्यक्तिलाई पार्टीले उम्मेदवार नै खडा गरेन।

पैसा खर्च गर्न सक्नेले भकाभक टिकट पाए। नेताहरूले देशको बारेमा सोचेनन्, पैसाको बारेमा सोचे। कार्यकर्ताले मात्र भोट खसाले। चुनावमा भोट हाल्न नजानुको अर्को कारण नमिल्दो तालमेल र गठबन्धन पनि हो। एकातिर पाँच दलीय गठबन्धन छ भने अर्कोतिर नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले तालमेल गऱ्यो। नेपाली कांग्रेसले नेकपा माओवादी केन्द्रसँग हात समातेर अघि बढचो।

कांग्रेसीहरूले माओवादीलाई के आधारमा मत दिने। माओवादीहरूले कांग्रेसलाई कसरी भोट हाल्ने। हिजो माओवादीका अध्यक्ष पुष्पकमल दाहालको टाउकोको मूल्य ५० लाख रूपैयाँ तोक्ने कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा हुन्। माओवादीलाई अलिकति पनि मन नपराउने कांग्रेसीहरू अमिल्दो गठबन्धनका कारण भोट नै हाल्न गएनन्। यता, माओवादीहरूमा पनि त्यस्तै देखियो।

यसपटकको चुनावमा एमाले र राप्रपाले तालमेल गऱ्यो। अहिलेको व्यवस्थामा बसेर जो दुई पटक प्रधानमन्त्री बनेका पार्टी अध्यक्ष केपी शर्मा ओली केही नपाएर राप्रपासँग चुनावी मैदानमा होमिए। आफ्नो पार्टीको सिद्धान्त र विचार बिर्सिएर ओलीले राजावादीहरूसँग हात मिलाए जसले गर्दा अहिलेको व्यवस्था नै संकटमा पऱ्यो। राजतन्त्र फाल्नका लागि जनताले त्यत्रो संघर्ष गरेका थिए जसलाई ओलीले जोखिममा हालिदिएका छन्।

नेताहरूले जनताको योगदानको कदर गरेनन्। सहिद बनेकालाई नेपाली जनता भनेर गन्दै गनेनन्। सीधासाधा जनताको अवस्था आज पनि उस्तै छ तर नेताहरू कहाँबाट कहाँ पुगे। सबै अवसरवादी नेताहरू मात्र छन्। जनताले गोली खाएर व्यवस्था परिवर्तन गरे, महेश बस्नेत, गगन थापा, कोमल वली, सविन्द्र खनालजस्ताले मौकाको फाइदा उठाए। हिजो गोली खाने बेलामा यिनीहरू कहाँ थिए ?

त्यही प्रहरीले १९ दिने आन्दोलनमा जनतालाई ढचाङढचाङ गोली हाने। आज त्यस्ताले नै टिकट पाएका छन्। अनि जनताले यिनीहरूबाट के अपेक्षा राख्ने ? व्यवस्था परिवर्तन गर्ने बेला जनताले गरेको त्यत्रो आन्दोलनमा महेश र गगन कँहा थिए ? कोमल वली कुन दुलोमा थिइन् ? राजतन्त्र हटाउन जनताको गरेको योगदानमाथि पानी खन्याउने तयारीमा छन् केपी ओली।

बाहिर राजतन्त्रको विरोध गरेजस्तै गर्ने तर भित्रभित्र राजतन्त्र फर्काउन अनैकौं योजना रच्ने। ओली एक राजावादी नेता हुन् भनेर यहाँबाट स्पष्ट भइसकेको छ। ओलीले आफ्नो फाइदाका लागि दुई पटक सांसद् विघटन गरिदिए। एमालेकै कार्यकर्ताहरू ओलीको रबैयाका कारण मतदान गर्न गएनन्। नेताहरू राष्ट र जनताका लागि भन्दा पनि व्यक्तिगत फाइदातिर उन्मुख भए।

यसैकारण जनतामा पैदा भएको निराशा यो निर्वाचतमा देखिएको प्रस्ट छ। अहिलेको जस्तै पारा देखाउने हो भने जनताले अर्कोचोटिदेखि मतदान नै गर्दैनन्। हिजोको अवस्थाले जनताको निराशा स्पष्ट पारिसकेको छ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**यस दैनिकमको पत्र–मञ्जुषा स्तम्भमा पाठकवर्गले आफूले चाहेको विषयवस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा प्रकाशित समाचारका बारेमा पत्र लेख्नुभएमा त्यसलाई जस्ताको त्यस्तै स्थान दिइने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ। यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो। - सं.

# कालिका विद्यापीठ : समाजसेवी सापकोटाको सपना

■ नारायाण अधिकारी



**चितवन-** करिब दुई साताअघि राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष एवं पत्रकार महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झा गैँडाकोटका समाजसेवी तिलक सापकोटालाई भेट्न उनको निवास पुगे । साथमा म पनि थिएँ । हामीलाई भेटेपछि सापकोटाको पहिलो गुनासो थियो, 'लौन कालिका संस्कृत विद्यापीठमा आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सा विज्ञान र थापत्य शास्त्रको पठनपाठनका लागि पहल गरिदिनुपर्‍यो । हामीले प्रक्रिया त अघि बढाएका छौं अब यहाँहरूले सञ्चारमाध्यमबाट पनि दबाब दिनुपर्‍यो ।'

जीवनका पछिल्ला दिनहरूलाई उनले यही विद्यापीठको विकास र विस्तारमा लगाएका थिए । विद्यापीठको विकास र विस्तारमा उनी समर्पित थिए । सञ्चारमाध्यममार्फत विद्यापीठमा ती कार्यक्रम सञ्चालनका लागि पहल र दबाब दिन उनले हामीलाई पनि आग्रह गरे । मैले एक/दुई दिनमा भेटेर यस विषयमा समाचार बनाउने उनलाई बताएँ ।

अक्सिजनको सहायतामा घरमा आराम गरिरहेका सापकोटामा आफू अस्वस्थ हुँदा पनि ऊर्जामा कुनै कमी थिएन । आफ्नै पहलमा स्थापना भएको विद्यापीठमा महत्त्वपूर्ण शैक्षिक कार्यक्रम ल्याउने उनको सपना अन्तिम अवस्थासम्म पनि रही नै रह्यो । हामीलाई गुनासो गरेको पाँचौं दिन (कात्तिक २३ गते) उनी त्यही अधुरो सपना बोकेर सदाका लागि बिदा भए ।

विद्यापीठको बाटो भएर सापकोटाको पार्थिव शरीरलाई नारायणी नदीतर्फ लैजाँदै गर्दा विद्यपीठका उपाध्यक्ष एवं गैँडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारीले सापकोटाको अधुरो सपना पूरा गर्नेतर्फ आफू लाग्ने प्रण गरे । कात्तिक २५ गते गैँडाकोटस्थित उनको घरबाट सुरु भएको शवयात्राका क्रममा उनलाई सो विद्यापीठमा एकै छिन राखियो र उनप्रति श्रद्धाञ्जली अर्पण गरियो । त्यस क्रममा त्यहाँका प्राध्यापक एवं कर्मचारी स्तब्ध थिए, केही बोल्न सकिरहेका थिएनन्, धेरैका आँखामा आँसु थिए । उनीहरू भन्दै थिए, 'यो विद्यापीठले उनलाई अमर बनाउने छ । गैँडाकोट मात्रै नभएर सिंगो नेपालकै सामाजिक क्षेत्रको एक धरोहरको सपना रहेकाले आफूहरूले पूरा गर्नुपर्छ भन्दै थिए गैँडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारी ।

वि.सं. २०६० मा उनले आफ्नै पहलमा सो विद्यापीठको स्थापना गरेका थिए । नेपाल सरकारको ८ नं प्रति जग्गामा भोगाधिकार लिएर ३२ रोपनी जग्गामा अहिले विद्यापीठ छ । विद्यापीठका प्राचार्य सहप्राध्यापक डा.रामचन्द्र कँडेलका अनुसार सापकोटाकै पहलमा जग्गा प्राप्तिदेखिका सबै काम हुँदै आएका थिए । हाल विद्यापीठमा राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धनमा कक्षा ११ र १२ को पढाइ हुन्छ भने नेपाल संस्कृत विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा संस्कृत विषयमा शास्त्री तहको पढाइ हुँदै आएको छ । जहाँ दलित समुदायका व्यक्ति एवं छात्राहरू पनि अध्ययनरत छन् ।

सुरुआती चरणमा उत्तरमध्यमाको पढाइबाट विद्यापीठ सुरु गरिएको हो । सुरुमा ४१ जना विद्यार्थीबाट थालिएको पठनपाठनका काम पछि उत्तरमध्यमा खारेज भएसँगै कक्षा ११ र १२ पनि सुरु भयो । वि.सं. २०६७ मा विद्यापीठले आंगिक मान्यता पायो । अहिले विद्यापीठमा ९६ जना विद्यार्थी अध्ययनरत छन् । आंगिक पाएसँगै शास्त्रीको पढाइ थालिएको कँडेलले जानकारी दिए ।

विद्यापीठ स्थापना गर्दै गर्दा धेरै कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखिएको छ । विद्यापीठको भुइँतला मात्रै नौ हजार २०४ वर्गफिट छ । यो तीन तले भवन छ । कँडेल भन्छन्, 'ठूलो भवन बनाउँदै गर्दा धेरै कार्यक्रम हामीले सञ्चालन गर्ने उद्देश्य राखेका हौं ।' नेपाल सरकारको एक करोड र वि.सं. २०६१ मा ज्ञान महायज्ञ लगाएर ८० लाख नगद संकलन गरेर सोही भवनमा खर्च गरिएको छ । सापकोटाकै नेतृत्वमा भएको महायज्ञमा गैँडाकोटवासीले स्वतःस्फूर्त सहयोग गरेका हुन् ।

हरेक वर्ष राज्यका तर्फबाट सहयोग भने आइरहेको छ । कँडेल भन्छन्, ' अध्यक्ष तिलक सापकोटा उभिएपछि स्थानीय, प्रदेश र संघबाट सहयोग गर्न धेरै तयार हुँदै आएका थिए । तर, शैक्षिक कार्यक्रम भने ल्याउन सकिएन ।'

शास्त्रीसँगै नेपाल सँस्कृत विश्वविद्यालयमा रहेका आयुर्वेद, योग तथा प्राकृतिक चिकित्सा विज्ञान र थापत्य शास्त्र (वास्तु इन्जिनियरिङ) यिनीहरू सञ्चालन गर्ने संकल्प उनमा थियो । धेरै खर्चिलो हुने भएकाले समुदायले सञ्चालन गर्न नसक्ने हुँदा सरकारसँग हारगुहार गरिएको कँडेल बताउँछन् । उनले भने, 'सापकोटाको अन्तिम इच्छा यी कार्यक्रम सञ्चालन गर्नु थियो । उहाँप्रति सच्चा श्रद्धाञ्जलीका लागि यी कार्यक्रम सञ्चालन गर्नुपर्छ ।'

कार्यक्रमका लागि उनले त्यसै क्षेत्रका सांसद प्रा.डा. शशांक कोइरालासहितको सहयोग लिएर विभिन्न निकायमा धाइरहेका थिए । कँडेल सापकोटा नलागेको भए गैँडाकोटमा विद्यापीठ नै आउन सम्भव नरहेको बताउँछन् । यसलाई स्थापना र आंगिक बनाउनेमा सांसद प्रा.डा. कोइराला, शंकरप्रसाद पाण्डे, तत्कालीन संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा. माधवराज गौतमको योगदान रहेको छ । सापकोटाको आग्रहमा तत्कालीन नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको अनुरोधपछि प्रधानमन्त्री माधवकुमार नेपालले विद्यापीठलाई आंगिकको निर्णय गराएको कँडेलको भनाइ छ । संस्थाप्रतिको समर्पण निकै रहेको स्मरण गर्दै कँडेलले भने, 'उहाँले राति १२ बजे पनि फोन गरेर भोलि बिहानै डेलिगेसन जानुपर्छ भन्नुहुन्थ्यो ।'

थप कार्यक्रमका लागि संस्कृत विश्वविद्यालय, शिक्षा मन्त्रालय, गण्डकी प्रदेश सरकारलगायतका निकायमा फाइल पेस गरिएका छन् । कँडेलले भने, 'पछिल्ला वर्षहरूमा घरमा जो भेट्न आए पनि सापकोटाले यिनै कार्यक्रमका लागि पहल गर्न अनुरोध गर्नुहुन्थ्यो ।' यी कार्यक्रमका लागि अक्सिजन साथमा बोकेर विश्वविद्यालय, शिक्षा मन्त्रालय, गण्डकी प्रदेशका मुख्यमन्त्री र मन्त्रीलाई भेट्न उनी स्वयं पुगेका छन् । आफू अस्वस्थ रहँदा पनि उनमा सधैं यो चिन्ता हुने गरेको विद्यापीठका कोषाध्यक्ष ओमप्रसाद सापकोटाले बताए ।

उनका अनुसार पाठ्यक्रम नै बनाएर विश्वविद्यालयमा पेस गरिएको छ । उनले भने 'बाँचुन्जेल उहाँले संघर्ष गरेर परिकल्पना गरेको विद्यापीठका कार्यक्रम सञ्चालन गरेर उनका सपना पूरा गर्नुपर्छ ।' उनको मुख्य उद्देश्य संस्कृत भाषाको संरक्षण र जगेर्ना गर्नु रहेको थियो । संस्कृत, संस्कार, वैदिक दर्शन, संस्कृत वांमय, भाषामा शुद्धता उनका चिन्ताका विषय हुने गरेको ओमप्रसाद बताउँछन् । विद्यापीठका वरिष्ठ सदस्य केशवप्रसाद सापकोटा उनले सामाजिक र राजनीतिक क्षेत्रमा धेरै काम गरेको स्मरण गर्दै सबैभन्दा बढी लगाव पिद्यापीठ र त्यसका कार्यक्रम रहेको बताउँछन् ।

नेपाल संस्कृत विश्वविद्यालयका सहप्राध्यापक डा. मतिप्रसाद ढकाल स्वर्गीय तिलक सापकोटाजस्ता समाजसेवी एवं शत्पात्रको सपना पूरा गर्न पनि कालिका विद्यापीठमा उनले कल्पना गरेका आयुर्वेदलगायतको विषयमा पठनपाठन सुरु गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'म त भन्छु कालिका विद्यापीठमा मात्र नभएर मुलुकका हजारौं हजार क्याम्पसमा आयुर्वेद विषयको पठनपाठन तत्कालै सुरु गर्नुपर्छ । हाम्रा बहुमूल्य औषधीय जडीबुटी वनस्पतीहरू गुन्द्रुकको भाउमा विदेसिएका छन् र तिनै जडीबुटीमा अनेकथरी रसायन मिसाएर महँगो औषधिका रूपमा स्वदेश भित्रिन्छन् र हामी तिनै औषधि सेवन गर्न बाध्य भएका छौं ।'

डा. ढकालको सुझाव छ, 'स्वदेशका औषधीय मूल्य भएका असंख्य जडीबुटीको सदुपयोग गरी आयुर्वेक चिकित्सा पद्दतिको विकास गर्नुपर्ने उहाँको भनाइ छ । औषधि खरिदका लागि बर्सेनि हाम्रो अर्बौं रूपैयाँ बाहिरिन्छ तर हामीसँग उपलब्ध भएका औषधीय वन वनस्पतिको सदुयोग गरी आयुर्वेद शिक्षाको प्रवर्द्धमा लाग्न सकेका छैनौं, यसप्रति राज्यको ध्यान जतिसक्दो चाँडै पुगोस् ।' *रासस*

## पहिलो शक्तिमा ...

पृष्ठ १ बाट जारी

खिएको छ । पहिलोपटक संसदीय चुनाव लडेको अर्को दल जनमत पार्टीले एक ठाउँमा अग्रता लिएको छ । नागरिक उन्मुक्ति पार्टीले पनि दुई ठाउँमा अग्रता लिएको छ । अझै केही चुनाव क्षेत्रमा भने मतगणना हुन बाँकी छ । केही मतदानस्थलमा भने आज मतदान हुने भएको छ ।

**उपत्यकामा अस्वीकृत माओवादी, उदाउँदै रास्वपा**

१५ वर्षअघि काठमाडौं उपत्यकाको काठमाडौं, ललितपुर र भक्तपुरमा रहेका १५ वटा चुनाव क्षेत्रमध्ये सातवटा क्षेत्रमा विजयको झण्डा फहराएको माओवादी यो चुनावबाट शून्य हुने अवस्थामा पुगेको छ । उम्मेदवारी दिएका सातवटा चुनाव क्षेत्रमध्ये कहीँ पनि माओवादी उम्मेदवारहरूले अग्रता लिएका छैनन् । धेरै ठाउँमा तेस्रो र चौथो स्थानमा माओवादी उम्मेदवारहरू छन् । यसको अर्थ माओवादीलाई काठमाडौं उपत्यकाका मतदाताले अस्वीकृत गरेको अर्थमा कतिपयले बुझेका छन् ।

जबकि, रविको दलका उम्मेदवारहरूले एमाले र कांग्रेसका उम्मेदवारहरूसँग जितका लागि कडा प्रतिस्पर्धा गरिरहेका छन् । बेलाबेला अग्रता लिने गरेका छन् । यस आधारमा रविको दलले काठमाडौं उपत्यकामा घण्टी चिह्न फहराउने देखिएको छ । नरम दक्षिणपन्थी दलको रूपमा उदाएको दलले पहिलो चुनावी प्रतिस्पर्धामै अभूतपूर्व सफलता प्राप्त गर्ने देखिएको हो ।

१५ वर्षअघि २०६४ सालमा भएको संविधानसभा चुनावमा भने एमाले काठमाडौं उपत्यकामा शून्य भएको थियो । तर, २०७० पछि एमाले लयमा छ । उपत्यकामा एमाले पहिलो नहोला भन्न सकिँदैन । कांग्रेस भने उपत्यकामा जहिल्यै प्रभावशाली दल हो । यद्यपि, यसपटक राप्रपा पनि उपत्यकामा प्रभावशाली देखिएको छ ।

**मधेस आन्दोलनका नेताको जित कठिन**

अन्तरिम संविधान-२०६३ मा 'संघीयता' शब्द नराखिएपछि मधेसमा हिंसात्मक आन्दोलन हुँदा आन्दोलनको केन्द्रमा थिए- उपेन्द्र यादव । आन्दोलनको नायक बन्दै राष्ट्रिय राजनीतिमा मधेसबाट उदाएका उनलाई यो चुनाव जित्न कठिन बन्दै गएको छ ।

२१ फागुन २०७७ मा स्वतन्त्र मधेसको माग त्याग्दै हिंसात्मक आन्दोलन त्यागेर शान्तिपूर्ण राजनीतिमा आएका डा. चन्द्रकान्त (सिके) राउतले यादवको जित कठिन बनाएका हुन् । यादव जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष र राउत जनमत पार्टीका अध्यक्ष हुन् । समाचार तयार पार्दासम्म राउत यादवभन्दा दोब्बर बढी मतले अघि छन् । उनीहरू सप्तरी-२ बाट उम्मेदवार छन् ।

यादवलाई एमालेको पनि समर्थन छ । यसअघि पहिलो र दोस्रो संविधानसभा हुँदै २०७४ सालमा भएको प्रतिनिनिधिसभा चुनाव यादवले जितेका थिए ।

**शीर्ष नेताहरू "रेड जोन"मा**

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाललाई यसपालि संसद् यात्रा कठिन हुने देखिएको छ । इलाम-१ बाट प्रतिस्पर्धामा रहेका उनलाई आफ्नै पूर्वकार्यकर्ता नेकपा एमालेका उम्मेदवार महेश बस्नेतले कडा चुनौती दिएका छन् । इलाम नगरपालिकाका पूर्वप्रमुख बस्नेत खनाललाई उछिन्दै अगाडि बढिरहेका छन् । खनाल धिमा गतिमा बस्नेतलाई पछ्याउँदै छन् । इलामकै क्षेत्र नं. २ मा कांग्रेसका डम्बर खड्काले एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई कडा टक्कर दिइरहेका छन् । नेम्वाङलाई पछि पार्दै खड्काले अग्रता बनाइरहेका छन् ।

उता दाङ-२ मा एमाले महासचिव शंकर पोखरेललाई नेकपा माओवादी केन्द्रकी उम्मेदवार रेखा शर्माले पछि पारेकी छन् । शर्माले एक हजारभन्दा बढी मतान्तरसहित अग्रता बनाएका हुन् । एमालेका उपाध्यक्ष विष्णु पौडेल, सुरेन्द्र पाण्डे पनि प्रारम्भिक चरणमा पछाडि परेका छन् ।

काठमाडौं-२ मा माओवादी नेतृ तथा पूर्वसभामुख ओनसरी घर्ती मगरलाई पनि चुनाव जित्न निकै मुस्किल पर्ने देखिएको छ । उनीभन्दा धेरै अगाडि राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार शोभिता गौतम छिन् भने एमालेका मणिराम फुयाँल पनि अघि छन् । लमजुङमा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङ एमालेका उपमहासचिव पृथ्वी सुब्बा गुरुङभन्दा पछि छन् । कैलाली-४ मा एमाले सचिव लेखराज भट्ट कांग्रेस नेता वीरबहादुर बलायरसँग संघर्ष गरिरहेका छन् ।

काठमाडौं-१ मा कांग्रेसका पूर्वउपसभापति प्रकाशमान सिंहलाई पनि चुनाव जित्न त्यति सहज देखिएको छैन । सुनसरी-१ मा जसपा नेता अशोककुमार राईले निकै कम मत प्राप्त गर्ने देखिन्छ । मत पाउने 'प्याट्रन' यस्तै भए उनको जित नहुन सक्ने विश्लेषण हुन थालेको छ ।


## कम्पनीको नाम परिवर्तन गारिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०८/०६

यस कम्पनीको मिति २०७७/०६/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **आर. एस. ए. ढुवानी सेवा प्रा.लि. (प्रा.लि. नं. १९४६३१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०७/१७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गारी **ओम बज्र अर्गानिक कृषि फार्म प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गाराईन्छ ।



नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग**
शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय
पानीमुहान, बुढानिलकण्ठ, काठमाडौं

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७९।०८।०६

यस कार्यालयको लागि आ.व.०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यहरू सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले स्वदेशी फर्म, संस्था वा कम्पनीले कम्पनी दर्ता, मु.अक.कर दर्ता, प्यान प्रमाणपत्र, आ.व. ०७८।०७९ को करचुक्ता प्रमाण पत्रसहितका कागजातहरूको प्रमाणित प्रतिलिपि लगायतका कागजातहरू सङ्लग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र सिलबन्दी गरी यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रको जमानत रकम रु. | फारम दस्तुर | ल.ई.रकम (मु.अ.क.र कन्टिजेन्सी बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | SQ/SNNP/ 01/2079/080 | जिर्ण भवनको माथिल्लो तल्ला हटाई तल्लो तल्ला मर्मत सुधार कार्य, पानीमुहान, काठमाडौं | ५१,२५९/०० | १,०००/०० | १७,०८,६२९/०९।- | |

• सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।



## आवश्यकता

**प्रथम पटक प्रकाशित मिति २०७९/०८/०६**

दार्चुला जिल्ला अपिहिमाल गाउँपालिका स्थित निर्माण भईरहेको १० मेगावाट क्षमताको मकरी गाड जलविद्युत आयोजनाको लागि निम्न अनुसार प्राविधिकहरु आवश्यकता परेको हुँदा इच्छुकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध छ ।

| सि.नं. | पद | संख्या | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १ | **Project Manager** | १ | Bachelor Degree in Civil Engineering | Minimum 5 Years' Experience in project management & Should be fluent in English Language. |
| २ | **Civil Engineer** | १ | Bachelor Degree in Civil Engineering | Minimum 3 Years' Experience in Civil Works & Should be fluent in English Language. |
| ३ | **Mechanical Engineer** | १ | Bachelor Degree in Mechanical Engineering | Minimum 3 Years' Experience in Mechanical Works & Should be fluent in English Language. |
| ४ | **Electrical Engineer** | १ | Bachelor Degree in Electrical Engineering | Minimum 3 Years' Experience in electrical works & should be fluent in English Language. |
| ५ | **Civil Superintendent** | २ | Diploma in Civil Engineering | Minimum 5 Years' Experience in Civil Works & Should be fluent in English Language. |
| ६ | **Electrical Superintendent** | १ | Diploma in Electrical Engineering | Minimum 5 Years' Experience in Civil Works & Should be fluent in English Language. |
| ७ | **Engineering Assistant** | १ | Diploma in Mechanical Engineering | Minimum 5 Years' Experience in Hydropower Project & Should be fluent in English Language. |
| ८ | **Erection Supervisors for Penstock** | ७ | Lifting and Shifting Certificate | Minimum 5 Years' Experience in Hydropower Project & Should be fluent in English Language. |
| ९ | **Riggers/Ropeway Supervisors for Cable Operation** | ८ | 6G Certificate | Minimum 5 Years' Experience in Ropeway/Winch Operation and in Hydropower Project & Should be fluent in English Language. |

**नोट:** काम गर्नुपर्ने क्षेत्र : आयोजना स्थल करार अवधि: १ (एक) बर्ष
आवश्यक कागजात: सम्बन्धित कागजातहरु तलब स्केल : आपसी सहमतिमा

**सम्पर्क ठेगाना :**

**मकरी गाड हाइड्रोपावर प्रा.लि.**
महाराजगञ्ज- ३, काठमाण्डौं
Email: bas_anil@hotmail.com
फोन नं. ०१-४७२०५३०

**विद्युत विकास विभाग**
सानो गौचरण काठमाण्डौं



## विमा लगानी कम्पनी लिमिटेड
## का.म.न.पा.-१० को
## विशेष साधारणसभा सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०७९/०८/०७**

यस कम्पनीको मिति २०७९/०७/३० गते बसेको संचालक समितिको बैंठकको निर्णयानुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको विशेष साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारणसभामा आफै उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन का लागि सम्पूर्ण शेयरधनीहरूमा यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**
मिति : मंसिर २२, २०७९
समय : दिनको ३:०० बजे
स्थान : इन्द्रेणी फुड्ल्याण्ड, नयाँ वानेश्वर, काठमाडौं

**विशेष प्रस्तावहरू :**
(१) कम्पनीको प्रबन्धपत्रको दफा (१), दफा (२), दफा (४) को क, ख, ग, घ, दफा (१५) संसोधन गर्ने सम्बन्धमा ।
(२) कम्पनीको नियमावलीको दफा (१), दफा (२), दफा (३) को ग, दफा (२३), दफा (२५) को २, ३, दफा (२७) को ३, ७ र दफा (५३) संसोधन गर्ने सम्बन्धमा ।
(३) नियमक निकायहरूको निर्देशनमा तथा नियमावलीका प्रस्तावित संशोधनहरूमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
(४) विविध ।

**नोट :**
(१) यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी मिति मंसिर २०, २०७९ गते सम्म दर्ता गरी सक्नुपर्ने छ ।
(२) विशेष साधारण सभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरूको हस्ताक्षरको लागि हाजिरी पुस्तिका दिउँसो २:३० बजे देखि नै खुल्ला गरिनेछ ।
(३) सभा सम्बन्धि अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

**संचालक समिति**
**विमा लगानी कम्पनी लिमिटेड**


# प्रभाव दैनिक

मंगलबार, ६ मंसिर २०७९ (Tuesday, November 22, 2022)


रूपशाला

## 'महापुरूष' हेर्न हलमा पुगे गगन

काठमाडौं क्षेत्र नम्बर ४ को मतगणना चलिरहेको बेला यसै क्षेत्रबाट नेपाली कांग्रेसका उम्मेदवार गगन थापा भने फिल्म हेर्न हल पुगेका छन् । उनी सोमबार २ बजे श्रीमतीसहित दरबार मार्गस्थित क्यूएफएक्स दरबार मलमा फिल्म 'महापुरूष' हेर्न पुगेका छन् । थापाले आफू फिल्म हेर्न पुगेको जानकारी सामाजिक संजालमार्फत एक तस्बिर शेयर गर्दै जानकारी दिएका छन् । उनले लेखेका छन्- 'धेरै दिनको दौडधुपपछि आजको फुर्सद ।' काठमाडौं-४ मा जारी मतगणनामा थापाले फराकिलो अग्रता बनाएका छन् ।





# स्वदेशी ओटिटीमा बढ्दै छन् दर्शक

■ प्रभाव संवाददाता

**काठमाडौं–** ओटिटी (ओभर द टप) प्रतिको आकर्षण कोभिड-१९ नियन्त्रणका लागि गरिएको लकडाउनका समयमा बढ्यो । घरमै रहन बाध्य दर्शकले मनोरञ्जनको विकल्पका रूपमा 'डिजिटल प्लेटफर्म' रोजे ।

अन्तर्राष्ट्रियरूपमा बजार राम्रो बनाइसकेका नेटफ्लिक्स, अमेजन प्राइम भिडियो, डिज्ने प्लस हटस्टार, जी फाइभ, सोनी लिभलगायत 'ओटिटी प्लेटफर्म' दर्शकका प्रिय बनिरहँदा नेपाली एप भने ओझेलमा रहे । नेपालमा समेत विदेशी ओटिटीका प्लेटफर्मतर्फ बढ्दा नेपालमै रहेका आइफ्लिक्स, भिडियो पसल, सिनेमाघर जस्ता एपले भने धेरै दर्शक तान्न सकेनन् ।

नेपाल राष्ट्र बैंकले पाँच सय डलरसम्म वार्षिकरूपमा खर्च गर्न मिल्नेगरी कार्ड उपलब्ध गराए पनि विदेशी एपमै दर्शक बढ्दै आएका छन् । आइफ्लिक्स र चलचित्र टिभीले सफलता नपाएपछि बन्द नै भए ।

नेपालमा सन् २०१५ देखि सुरू भएको एप सिनेमाघरका प्रमुख कार्यकारी अधिकृत सागर खरेलले नेपाली दर्शकलाई युट्युबमा निःशुल्क कन्टेन्ट हेर्न बानी लागेकाले डिजिटल प्लेटफर्मको विकास नहुन सकेको बताए । 'हामीले सुरुआती समयमा चलचित्रको अधिकार लिएर निःशुल्करूपमै एपमा देखाउने गरेका थियौं । दर्शकलाई फिल्म हेर्ने बानी बसेपछि न्यूनतम शुल्क लिन थालेका हौं', उनले भने, 'अहिले यसको सुरक्षा प्रणाली चुस्त बनाउनाका साथै दर्शकले खोजिरहेको चलचित्र ल्याउने तयारीमा छौं ।'

सिनेमाघर एपसँग सन् २०१८ मै जोडिएका अभिनेता तथा निर्देशक खगेन्द्र लामिछानेले दर्शकलाई एपमा फिल्म हेर्ने बानीको विकास भइरहेको बताए । 'नयाँ फिल्म र ओर्जिनल कन्टेनको तयारी हामीले गरिरहेका छौं । दर्शकको आकर्षण बढ्दै गएपछि हामीले पनि कन्टेन बढाउन थालेका हौं', उनले भने ।

गत कात्तिक २४ मा एपमा रिलिज भएको 'कबड्डी ४ : द फाइनल म्याच' ले प्रयोगकर्ता बढाउनाका साथै एक्टिभ पनि गरिएको प्रमुख कार्यकारी अधिकृत खरेलले बताए । 'हाम्रो ५० हजारभन्दा बढी प्रयोगकर्ता बढेको छ भने सक्रिय हुनेको संख्या धेरै भएर सर्भर नै क्याससमेत भएको थियो । यो फिल्मको आम्दानी कुनै युट्युबले दिनेभन्दा बढी छ । कुनै समय एक सय दर्शक नपाइने एपमा केही समययता दैनिक एक हजारको हाराहारीमा फिल्म हेरिरहनुभएको छ', उनले भने ।

आइफ्लिक्स र भिडियो पसल सञ्चालन गरिसकेका ओमप्रकाश अग्रवालले भने पाइरेसीको समस्याले ओटिटीमा जोखिम रहेको बताए । आफ्नै ओएसआर प्ले नामक एपको तयारी गरिरहेका अग्रवालले सुरक्षाको चुनौती रहेको उनको भनाइ थियो । 'हामीले पाइरेसी रोक्ने अनेक सुरक्षा अपनाएका हुन्छौं तर पाइरेसी गर्नेलाई कडा कारवाही नभएसम्म कन्टेन सुरक्षित हुँदैनन्', सञ्चालक अग्रवालले भने । आइफ्लिक्स बन्द भएपछि उहाँसहितको टोलीले ओएसआर डिजिटल टिम भिडियो पसलमार्फत फिल्म दर्शक माँझ पुऱ्याइरहेको छ ।


अभिनेता लामिछानेले आफ्नो एपमा चार तहको सुरक्षा रहेको र पाइरेसी गर्नेलाई सहजै पत्ता लगाउन सकिने बताए । 'पाइरेसीसम्बन्धी शिक्षाको कमिले नै यस्तो भइरहेको छ । पक्राउ परेपछि ख्यालख्यालमै चलचित्र पाइरेसी गरिएको भन्ने सुनिन्छ । यससम्बन्धी चेतना फैल्याउनुपर्छ', उनले भने । डिजिटल बजारलाई सघाउन चलचित्र विकास बोर्डले नियमन गर्ने र सञ्चालन गर्ने कार्यविधि तयार गरिरहेको सदस्य फडिन्द्र कटवालले बताए । 'कबड्डी ४ : द फाइनल म्याच' ले गरेको कमाइको विवरण र अन्य केही नयाँ फिल्म रिलिजबारे छिट्टै जानकारी गराउने सिनेमाघरका प्रमुख कार्यकारी अधिकृत खरेलले जानकारी दिए ।

# चुनाव र विश्वकपको असर देखिएन 'महापुरूष'मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** भाइटिकाको भोलिपल्ट रिलिज भएको फिल्म 'महापुरुष' चौथो सातामा प्रदर्शन भइरहेको छ । चुनाव र विश्वकप फुटबल प्रतियोगिताले यो फिल्मको व्यापारमा कुनै असर गरेको छैन ।

फिल्मले पाएको अधिकांश शो हाउसफुल भइरहेका छन् । दिवा तथा रात्री शोमा शतप्रतिशत अकुपेन्सी पाइरहेको फिल्मको शोमा समेत कटौती भएको छैन । दर्शकको छाप यथावत् रहेकै कारण मल्टिप्लेक्समा फिल्मको शो घट्न पाएको छैन ।



फिल्म हेर्न आइपुगेका दर्शक सन्तुष्ट भएको प्रतिक्रिया पाउँदा कलाकारसमेत रहेका कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँ दंग छ । 'हामीलाई फिल्मप्रति विश्वास भएर नै बिदापछिको डेट स्वीकारेका हौं । केहीले बिदा सकिएपछि रिलिज नगर्न सल्लाहसमेत दिएका थिएँ । यद्यपि हेर्ने दर्शकले दिनुभएको वर्ड अफ माउथकै कारण शो बढिरहेका छन् र भरिभराउ छन्,' बानियाँ भन्छन्, 'फिल्म हेर्ने परिवार नै आइरहनु भएको हुँदा चौथो सातामा समेत शो भरिभराउ छन् ।'

मल्टिप्लेक्स चेन क्युएफएक्सले मात्रै देशभरका आफ्ना आउटलेटमा १८ शो पाएको छ । क्युएफएक्सअन्तर्गत दरबार सिनेम्याक्समा एक शो, भक्तपुरमा रहेको क्युएफएक्समा तीन शो, लबिम मलमा तीन शो, सिभिल मलमा तीन शो, ठमेलमा रहेको छायाँ सेन्टरमा एक शो दिएको छ । क्युएफएक्सकै मोफसलअन्तर्गत नेपालगन्जमा एक शो, बुटवलमा एक शो, नारायणघाटमा रहेको जलमामा तीन शो, विराटनगरमा एक शो, विर्तामोडमा एक शो दिएको छ । काठमाडौंमा रहेको मल्टिप्लेक्सहरूमा कमलपोखरीस्थित सिटी सेन्टरमा रहेको बिग मुभिजमा दुई शो, जमलमा रहेको विश्वज्योति सिनेप्लेक्समा तीन शो, दरबारमार्गस्थित राइजिङ मलमा रहेको क्युज सिनेमाजमा एक शो, गोंगबुमा रहेको बिएसआर मुभिजमा दुई शो, कीर्तिपुर सिनेप्लेक्समा एक शो, न्युरोडमा रहेको रन्जना सिनेप्लेक्समा चार शो, सुन्धारास्थित सिटिसी मलमा रहेको सिने डी सेफमा एक शो र चाबहिलमा रहेको केएलटावरमा अवस्थित एफक्युबमा चार शो रहेको छ ।

बानेश्वरमा रहेको वान सिनेमाजमा दुई शो र कालिमाटीमा तीन शो दिएको छ । आइएनआइ सिनेमाजअन्तर्गत लोत्से मलमा दुई शो र बुटवलमा रहेको आइएनआइमा दुई शो दिएको छ । चौथो सातामा शो यथावत् रहनुले दर्शकको आकर्षण कम नभएको लेखक तथा निर्देशक प्रदीप भट्टराईले बताए । 'फुर्सद र समय मिलाएर आउने हुँदा बिहानीभन्दा दिवा र रात्री शो हाउसफुल छन् । हामीले दिन खोजेको सन्देशसँग दर्शक जोडिनु भएको छ । व्यापारसँगै फिल्म हेरेर निस्किँदा दर्शकको मुहारमा पाइने सन्तुष्टि नै हाम्रो सफलता हो', निर्देशक भट्टराईले भने । फिल्मले अमेरिकामा प्रदर्शनको कीर्तिमान बनाइसकेको छ । फिल्म चौथो सातामा डलासमा समेत हाउसफुल छ । यस्तै, अस्ट्रेलियामा सफलताका साथ प्रदर्शन भइरहेको फिल्म युरोपमा नोभेम्बर र युएईमा डिसेम्बर १ बाट प्रदर्शन हुँदैछ ।

'स्वदेशमा पाएको मायाले विदेशमा उच्च डिमान्ड छ । हामीले विस्तारै विदेशमा हुने शोबारे जानकारी दिईरहेका छौं', निर्माता दीपेश खत्रीले भने । फिल्ममा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौडेल, रवीन्द्रसिंह बानियाँ, शिरू विष्टसँगै नवप्रस्तुतिमा अरुण क्षेत्री र अञ्जना बराइली मुख्य भूमिकामा रहेका छन् ।

फिल्ममा एक्लोपनको कथा देखाइएको छ । आदर्शनगरमा बसोबस गर्ने अवकासप्राप्त शिक्षक मार्फत पिता र एलकपुरुषसँगै एक्लोपनकथा फिल्ममा देखाइएको छ । भविष्य निर्माण गर्न अलग भइसकेको छोरा, सपना बोकेर अस्ट्रेलिया जान लागेको छोरा र एक्लोपनमा रहेका शिक्षकमार्फत समाजको गम्भीर विषयलाई सरल रूपमा प्रस्तुत गरिएको छ । षट्कोण आर्ट्स प्रा.लि.को ब्यानारमा निर्मित फिल्ममा कार्यकारी निर्माता रबिन्द्र सिंह बानियाँ हुन् भने निर्माता दिपेश खत्री रहेका छन् ।

रंगशाला

# उद्घाटनमा इक्वेडरसँग कतार पराजित

### आज चार खेल हुँदै

**काठमाडौं (प्रस)–** विश्वकप क्रिकेटको आज (मंगलबार) तेस्रो दिन चार खेल हुँदैछन् । मंगलबार पहिलो खेल दिउँसो ३:४५ बजे अर्जेन्टिना र साउदी अरेबियाबीच हुँदैछ । त्यस्तै दोस्रो खेल साँझ पौने ७ बजे डेनमार्क र ट्युनिसिया, तेस्रो खेल पौने १० बजे मेक्सिको र पोल्यान्डबीच हुँदैछ भने अन्तिम खेल राती पौने १ बजे फ्रान्स र अस्ट्रेलियाबीच हुने समयतालिका रहेको छ ।

त्यसअघि आइतबार पहिलो खेलमा दक्षिण अमेरिकी राष्ट्र इक्वेडरले फिफा विश्वकप फुटबल २०२२ मा विजयी सुरुआत गरेको छ ।

**कतार विश्वकप-२०२२**

**आजका खेल**

**अर्जेन्टिना-साउदी (दिउँसो ३:४५ बजे)**
**डेनमार्क-ट्युनिसिया (साँझ ६:४५ बजे)**
**मेक्सिको- पोल्यान्ड (राति ९:४५ बजे)**
**फ्रान्स- अष्ट्रेलिया (राति १२:४५ बजे)**





अल बायत स्टेडियममा आइतबार राति भएको उद्घाटन खेलमा आयोजक कतारलाई २-० गोल अन्तरले हराउँदै इक्वेडरले सुखद सुरुआत गरेको हो ।

इक्वेडरको जितका कप्तान इनर भ्यालेन्सिया नायक बन्दै दुई गोल गरे ।

चौंथो पटक विश्वकप खेलिरहेको इक्वेडरले पहिलो पटक विश्वकप खेलिरहेको कतारविरुद्ध पहिलो हाफमै दुई गोल गरेको थियो । खेलको १६ औं मिनेटमा भ्यालेन्सियाले पेनाल्टीबाट गोल गर्दै इक्वेडरलाई सुरुआती अग्रता दिलाएका थिए । कतारी गोलकिपर साद अब्दुल्लाह अल शिवले पेनाल्टी क्षेत्रभित्र भ्यालेन्सियालाई लडाएपछि इक्वेडरले पेनाल्टी पाएको थियो । जसमा इनरले सहजै गोल गरे । त्यसअघि भ्यालेन्सियाले तेस्रो मिनेटमा गोल गरेका थिए । तर, भीएआरले उनको गोललाई अफसाइड देखाएको थियो ।

त्यसपछि खेलको ३२ औं मिनेटमा भ्यालेन्सियाले हेडरमार्फत व्यक्तिगत दोस्रो गोल गर्दै इक्वेडरलाई २-० को जित दिलाए । विश्वकपमा भ्यालेन्सियाको यो पाँचौं गोल हो । भ्यालेन्सिया विश्वकपमा इक्वेडरका लागि सर्वाधिक गोल गर्ने खेलाडी हुन् ।

त्यसबाहेक दुबै टोलीले दोस्रो हाफमा गोलको अवसर पाएका थिए । तर, दुबै टोलीले सदुपयोग गर्न सकेनन् । यस जतसँगै समूह 'ए' मा रहेको इक्वेडरले पहिलो खेलमै ३ अंक जोडेको छ । आयोजक कतारले भने हारबाट विश्वकपको सुरुआत गरेको छ ।

कतार विश्वकपको उद्घाटन खेलमा हार व्यहोर्ने पहिलो आयोजक राष्ट्र बनेको छ । यस अघि कुनैपनि आयोजक राष्ट्र उद्घाटन खेलमा पराजित भएको थिएन ।

सोमबार पहिलो खेल इंग्ल्यान्ड र इरानबीच भएको थियो भने दोस्रो खेल सेनेगर र नेदरल्यान्ड भिडेका थिए । त्यस्तै अन्तिम खेल अमेरिका र वेल्सबीच भएको थियो ।

**९ कप्तानले 'वन लभ' आर्मब्यान्ड नलगाउने**

कतारमा जारी फिफा विश्वकप फुटबलमा इंग्ल्यान्ड र वेल्ससहित युरोपेली राष्ट्रका ९ कप्तानले 'वन लभ' आर्मब्यान्ड नलगाउने भएका छन् ।

युरोपका ९ राष्ट्रको एफएले सोमबार संयुक्त विज्ञप्ति निकाल्दै विश्वकपमा 'वन लभ' आर्मब्यान्ड नलगाउने जनाएको छ ।

यस अघि युरोपेली राष्ट्रले विश्वकपमा 'वन लभ' आर्मब्यान्ड लगाउनका लागि जरिवाना तिर्न समेत तयार भएका थिए । तर, युरोपेली राष्ट्र योजनामा पछि हटेको छ ।

फिफाले 'वन लभ' आर्मब्यान्ड प्रयोग गरेमा खेलाडीलाई प्रतिबन्ध र कारबाही गर्ने बताएपछि युरोपेली राष्ट्र पछि हटेको हो । अब युरोपेली राष्ट्रका कप्तानले फिफाले उपलब्ध गराएको आर्मब्यान्ड लगाउने छन् । युरोपेली राष्ट्रले एलजीबीटी समुदायलाई समर्थन गर्न भन्दै 'वन लभ' आर्मब्यान्ड लगाउने योजना बनाएको थियो ।

# इरानमाथि इंग्ल्यान्डको शानदार जित



**काठमाडौं (प्रस)–** इंग्ल्यान्डले कतार विश्वकप फुटबलमा विजयी सुरुआत गरेको छ । खालिफा इन्टर नेसनल स्टेडियममा सोमबार इरानमाथि ६-२ गोलको सानदार जित निकाल्दै इंग्ल्यान्डले सुखद सुरुआत गरेको हो । इंग्ल्यान्डको जितमा बुकायो साकाले दुई गोल गरे । जुड वेलिङ्घम, रहिम स्ट्रर्लिङ, मार्कस राषफोर्ड र ज्याक ग्रेलिसले एक एक गोल गरे ।

इरानका लागि मेहदी तारेमीले दुई गोल फर्काए । खेलको ३५ औं मिनेटमा वेलिङ्घमले गोल गर्दै इंग्ल्यान्डलाई सुरुआती अग्रता दिलाएका थिए । इंग्ल्यान्डका लागि उनको यो पहिलो गोल हो ।

खेलको ४४ औं मिनेटमा साकाले गोल गर्दै इंग्ल्यान्डको अग्रता २-० को बनाए । पहिलो हाफको इन्जुरी समयमा स्ट्रर्लिङले गोल गरेपछि इंग्ल्यान्ड पहिलो हाफमा ३-० ले अघि रह्यो ।

खेलको ६२ औं मिनेटमा साकाले व्यक्तिगत दोस्रो गोल गर्दै इंग्ल्यान्डलाई ४-० को अग्रता दिलाए । ६५ औं मिनेटमा तारेमीले गोल गर्दै इरानलाई ४-१ को स्थितिमा ल्याए ।

खेलको ७१ औं मिनेटमा सब्सिच्युड खेलाडीको रूपमा मैदान प्रवेश गरेका राषफोर्डले गोल गर्दै इंग्ल्यान्डलाई ५-१ को अग्रता दिलाए । मैदान प्रवेश गरेको एक मिनेट नबित्दै उनले गोल गरेका हुन् ।

खेलको ९० औं मिनेटमा सब्सिच्युड खेलाडीको रूपमा मैदान प्रवेश गरेका ग्रेलिसले गोल गर्दै इंग्ल्यान्डलाई ६-१ को अग्रता दिलाए ।

त्यसपछि खेलको इन्जुरी समयमा तारेमीले पेनाल्टीबाट व्यक्तिगत दोस्रो गोल गरेपनि इंग्ल्यान्ड ६-२ ले विजयी भयो । इंग्ल्यान्डका खेलाडीले पेनाल्टी क्षेत्रमा इरानी खेलाडीलाई फउल गरेपछि पाएको पेनाल्टीमा तारेमीले सहज गोल गरे । यस जितसँगै इंग्ल्यान्डले पहिलो खेलमै ३ अंक जोडेको छ । समूह 'बी' को इंग्ल्यान्ड समूहको शीर्ष स्थानमा रहेको छ । इरानले भने हारबाट विश्वकपको सुरुआत गरेको छ ।



**फुटबल महाउत्सव** विश्वकप फुटबल प्रतियोगिता उद्घाटनका दिन आइतबार साँझ लिइएको कतारको दोहा सहरको रात्रि दृश्य । विश्वकपका कारण कतार अहिले उत्सवमय भएको छ । *तस्विर: एएफपी*

# आसियन संसद्का प्रमुखहरू कम्बोडियामा

**नोम पेन्ह-** दिगो, समावेशी र बलियो क्षेत्र प्रवर्द्धन गर्ने उपायबारे छलफल गर्न दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संघ (आसियान)का संसदीय नेताहरू सोमबार यहाँ जम्मा बएका छन् । आसियान अन्तरसंसदीय सभा (एआइपिए) को ४३औं महासभाको उद्घाटन समारोहलाई दिएको शाही सन्देशमा कम्बोडियाका राजा नोरोदोम सिहामोनीले अन्तरसंसदीय कूटनीति, साझेदारी र सहयोग विस्तार र यस क्षेत्रको दिगो शान्ति र समृद्धि प्रवर्द्धन गर्न संसदीय कूटनीति, साझेदारी र सहयोग महत्त्वपूर्ण हुने बताएका छन् ।

'यस हप्ताको आइपाको ४३औं महासभाको भेलाले हाम्रो क्षेत्रका लागि अझ शान्त र समृद्ध भविष्य प्राप्त गर्न वर्तमान चुनौती पार गर्न एकता र प्रतिबद्धताको वास्तविक भावना प्रतिबिम्बित गर्दछ,' राजाले भने, 'त्यस भविष्य प्राप्त गर्न हामीले राष्ट्रिय र क्षेत्रीय विकास प्रयासहरू दिगोपन, समावेशीता



र लचिलोपनको अवधारणासँग राम्रोसँग मिल्दोजुल्दो छ भनी सुनिश्चित गर्नुपर्छ ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै कम्बोडियाका प्रधानमन्त्री सम्देच टेको हुन सेनले विश्वले भू-राजनीतिकलगायत थुप्रै चुनौतीको सामना गरिरहेको बताएका छन् ।

'राजनीतिक प्रतिस्पर्धा, युद्ध, व्यापार र आर्थिक ध्रुवीकरण, जलवायु परिवर्तन र प्राकृतिक प्रकोपहरू लगायतका थुप्रै चुनौती आजका मुख्य चुनौती हुन्,' उनले भने । हुन सेनले ४३औं एआइपिएले एआइपिए प्रतिनिधिहरूलाई एकतामा सहयोग सुदृढ गर्ने र यस क्षेत्रका जनताको हितका लागि नीतिगत सिफारिसहरू पहिचान गर्ने साझा उद्देश्यका साथ विस्तृत विषयमा छलफलमा सहभागी हुने अवसर प्रदान गरेको पनि बताएका छन् ।

कम्बोडियाको राष्ट्रियसभाका अध्यक्ष सम्देच हेङ साम्रिनले यस भेलाले यस क्षेत्रले सामना गर्ने अवरोध र चुनौतीहरूको बीचमा आसियान संसद्बीचको ऐक्यबद्धता, मित्रता र निकट सहयोगको बलियो भावना झल्काएको बताएका छन् । आसियान समूहमा ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यानमार, फिलिपिन्स, सिंगापुर, थाइल्याण्ड र भियतनाम छन् । *रासस/सिन्ह्वा*

## चीन र रुसले सुरु गर्‍यो श्रव्यदृश्य आदानप्रदान कार्यक्रम

**मस्को-** चीन र रुसले आइतबार भिडियो लिंकमार्फत 'श्रव्य दृश्यसञ्चार सप्ताह-२०२२' को प्रमुख साँस्कृतिक आदानप्रदान कार्यक्रम सुरु गरेका छन् ।

चीनको राष्ट्रिय रेडियो तथा टेलिभिजन प्रशासनका उपप्रमुख ले युचेङ, रुसका डिजिटल विकास, सञ्चार तथा आमसञ्चार उपमन्त्री बेला चेर्केसोवा र चीनका लागि रुसी राजदूत इगोर मोर गुलोभले एक समारोहकाबीच भिडियो सन्देश दिएका थिए ।

'चीन-रुस श्रव्यदृश्य सञ्चार सप्ताह-२०२२' मा दुई देशका श्रव्यदृश्य कृतिहरू एकअर्काको भाषामा अनुवाद गरी एकअर्काको देशमा प्रसारण गरिनेछ । कार्यक्रममा चिनियाँ र रुसी युवा गायकहरूका लागि अनलाइन गाला (प्लेटफर्म), छोटो भिडियो प्रतियोगिता र एनिमेसन व्यवसायका फर्महरूका लागि लाभदायक हुने सेमिनार पनि समावेश हुने छन् । *रासस/सिन्ह्वा*

## इरानको आक्रमणबाट एक जनाको मृत्यु

**अर्बिल-** उत्तरी इराकमा रहेको कुर्द विपक्षी समूहहरूमा नयाँ इरानी हमलामा एक लडाकूको मृत्यु भएको इरानी-कुर्दिश पार्टीले सोमबार जनाएको छ ।

कोयसिन्जाक क्षेत्रमा इरानी हमलामा पेशमर्गाका एक सदस्यको मृत्यु भएको छ । उक्त व्यक्ति कोया भनेर चिनिने गरेको इरानी कुर्दिस्तानको डेमोक्रेटिक पार्टीका एक अधिकारी अली बौदाघीले एएफपीलाई बताएका छन् ।

**इरानीद्वारा पुष्टि**

इरानको रिभोलुसनरी गार्ड्सले सोमबार उनीहरूले इराकमा कुर्दिश इरानी विपक्षी समूहहरूलाई 'पृथकतावादी-इरानी विरोधी आतंकवादी समूह' भन्दै रातभर सीमापार क्षेप्यास्त्र र ड्रोन हमला गरेका छन् ।

उनीहरूले विज्ञप्तिमा भनेका छन्, 'क्रान्तिकारी गार्डहरूको भूमि बलद्वारा मिसाइल र ड्रोन आक्रमणको नयाँ शृंखलाको बिहानदेखि नै ती समूह निशाना बनेका छन् ।'

इरानको रिभोलुसनरी गार्ड्सले हालैका दिनमा आक्रमणलाई तीव्रता दिएका छन् । *रासस/एएफपी*

## कतारलाई दैनिक २५० टन खाद्यान्न र कृषिजन्य वस्तु निर्यात गर्दै इरान




**तेहरान-** इरानले फिफा विश्वकपमा कतारमा प्रतिदिन २५० टन खाद्यान्न र कृषि उत्पादन निर्यात गर्ने इरानको ट्रेड प्रमोसन अर्गनाइजेसन (टिपिओ) प्रमुखले आइतबार जानकारी दिएका छन् ।

इरानले दुई देशबीचको सम्झौता अनुसार कतारमा केही ढुवानी सुरु गरिसकेको इरानको आइआरआइबी समाचार एजेन्सीले टिपिओका अध्यक्ष अलिरेजा पेमनपाकलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

कतारलगायत छिमेकीहरूसँगको व्यापार बढाउनु वर्तमान इरानी सरकारको मुख्य दृष्टिकोण रहेको पेमनपाकले जोड दिएका छन् । पेमनपाकले भने, 'यसअघि इरान र कतारबीचको व्यापारिक सम्बन्ध उपयुक्त भन्सार र यातायात पूर्वाधारको अभावमा आंशिकरूपमा समाधान भइसकेको भए पनि अन्य समस्याका कारण अपेक्षाकृतरूपमा विकास हुनसकेको छैन ।'

उनले इरान र कतारले आफ्नो वार्षिक द्विपक्षीय व्यापार कारोबारलाई तीन अर्ब अमेरिकी डलरमा पुर्‍याउने रोडम्याप तयार गरेको पनि बताएका छन् । *रासस/सिन्ह्वा*


**ओमनमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : KALHAT SERVICE & TRADING LLC

पूर्व स्वीकृति मिति २०७९/०४/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०८/०५ LT. No. 269469 चलानी नं. ६०१८५२६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 0 | 100 | ३४,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १३ गते (29th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DESTINY HR GROUP (P) LTD** (Wide Range H.R. Pvt. Ltd) श्रम ईजाजत नं. १५५२/०७९/०८०

Tinkune, Kathmandu, Nepal. Phone: 01-5913085, 01-5914085
Mobile: 9851164801, Email: destinyhrgrp2079@gmail.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : HHR SETIA SDN. BHD

पूर्व स्वीकृति मिति २०७९/०८/०५ LT No. 275939 चलानी नं. ६०१९१५७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Workers | 25 | 0 | 1500 | ४३,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १३ गते (29th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : GE SHENG HENG TRADING

पूर्व स्वीकृति मिति २०७९/०८/०१ LT. No. 275613 चलानी नं. ६०१९१४५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Genral Worker | 4 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ११ र १२ गते (27/28 Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 275613 मितिः २०७९/०८/०४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Diamond Overseas Services Pvt. Ltd.**

श्रम ईजाजत नं. ४१४/०६०/०६१

G.P.O. Box: 19003, Tilganga-9, Airport, Kathmandu, Nepal.
Phone: +977 1 4112681, 4112767, Fax: +977 1 4112767
Email: diamond@hons.com.np, Webe: www.diamondoverseas.com.np



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SUMIMETAL INDUSTRIES (MALAYSIA) SB

पूर्व स्वीकृति मिति:२०७९/०८/०५ LT. No. 275921 चलानी नं. ६०१९१५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 35 | 0 | 1500 | ४३,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : LIFE BIOPHARMA SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०८/०५ LT. No. 275920 चलानी नं. ६०१९१५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 09 | 0 | 1500 | ४३,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FAR EAST PACKAGING IND (MELAKA) SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०८/०५ LT. No. 275919 चलानी नं. ६०१९१५९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | 1500 | ४३,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १३ र १४ गते (29/30th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**

Govt. License 1211/073/074

बसुन्धारा, काठमाडौँ, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ४९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९८१०० | प्रति तोला – ९७६०० | प्रति तोला – १२८० |

## पोखरामा क्यालिब्रेसन उडान सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा जडान उपकरणहरूको क्षमता परीक्षण गर्न सोमबारदेखि क्यालिब्रेसन उडान सुरु भएको छ। उडानका लागि एरो थाईको जहाज शनिबार नै पोखरा पुगेको थियो।

नेपाल नागरिक उड्डयन प्राधिकरणले ५ मंसिर (२१ नोभेम्बर) देखि ११ मंसिर (२७ नोभेम्बर)सम्म पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको यान्त्रिक परीक्षण उडान गर्ने तालिका स्वीकृत गरेको हो।

यस प्रयोजनका लागि अघिल्लो पटक भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा परीक्षण गरेको एरो थाई कम्पनीको जहाज नेपाल बोलाइएको हो। यो जहाज आगामी ५ डिसेम्बरसम्म नेपाल रहने छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा सरकारले १ जनवरी २०२३ देखि व्यावसायिक उडान गर्ने निर्णय गरिसकेको छ। त्यस अगाडि परीक्षणहरू हुनुपर्छ। प्राधिकरणका अनुसार क्यालिब्रेसन फ्लाइट एक विस्तृत यान्त्रिक परीक्षण उडान हो।

एरो थाइले दैनिक अधिकतम छ घण्टा उडान गर्दैछ। नयाँ विमानस्थलको यान्त्रिक परीक्षणमा ४ वटा प्रविधि तथा उपकरणको परीक्षण गरिने विमानस्थल आयोजना प्रमुख बिनेश मुनाकर्मीले जानकारी दिए।

उनका अनुसार यो अवधिमा विमानस्थलको डिभिओर, आइएलएस, डिएमआई र पिएपिआइको मुख्य परीक्षण गरिन्छ।

परिक्षण उडान सम्पन्न भएपछि उडान गरेको कम्पनीले प्रतिवेदन बुझाउँछ। सोही प्रतिवेदनका आधारमा नयाँ विमानस्थलमा परीक्षण उडान गरिन्छ। परीक्षण उडान समेत सफल भएको प्रतिवेदन आएपछि भने विमानस्थलमा अन्तर्राष्ट्रिय व्यावसायिक उडानका लागि कम्पनीहरूले अनुमति पाउँछन्।

## धमाधम लाभांश घोषणा गर्दै वाणिज्य बैंक

■ प्रभाव संवाददाता




**काठमाडौं–** आर्थिक वर्ष २०७८/०७९ को नाफाबाट एघार वाणिज्य बैंकले लाभांश घोषणा गरेका छन्। बैंकहरूले गत एक आबको नाफाबाट शेयरधनीलाई लाभांश वितरणको प्रस्ताव गरेका हुन्।

हालसम्म स्ट्यान्डर्ड चार्टर्ड, एभरेष्ट, ग्लोबल आइएमई, सानिमा, एनसिसी, बैंक अफ काठमाण्डू, कुमारी, सिटिजन्स र नेपाल इन्भेष्मेन्ट, मेगा र प्रभु बैंकले लाभांशको प्रस्ताव गरेका हुन्।

एघार वाणिज्य बैंकमध्ये सबैभन्दा धेरै लाभांश बैंक अफ काठमाण्डूको छ। बैंकले शेयरधनीलाई कुल २० दशमलव ९५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। त्यसैगरी सबैभन्दा कम सिटिजन्स बैंकले नौ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको छ।

गत आवको नाफाबाट एभरेष्ट बैंक लिमिटेडले शेयरधनीलाई २० दशमलव ६८ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको छ। बैंक सञ्चालक समितिको बैठकले शेयरधनीलाई १३ प्रतिशत बोनस शेयर र सात दशमलव ६८ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको हो।

यस्तै, स्ट्यान्डर्ड चार्टर्ड बैंकले १६.५१ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको छ भने ग्लोबल आइएमई बैंकले तीन प्रतिशत बोनस शेयर र १० दशमलव छ प्रतिशत नगद शेयर गरी कुल १३ दशमलव छ प्रतिशत प्रस्ताव गरेको छ।

यसैगरी, सानिमा बैंकले १० प्रतिशत बोनस र शुन्य दशमलव ९८ प्रतिशत नगद शेयर गरी शेयरधनीलाई १० दशमलव ९८ प्रतिशत, एनसिसी बैंकले तीन दशमलव ३६ प्रतिशत बोनस र सात दशमलव ६३ प्रतिशत नगद गरी ११ प्रतिशत र बैंक अफ काठमाण्डूले छ प्रतिशत बोनस शेयर र १४ दशमलव ९५ प्रतिशत नगद शेयर गरी कुल २० दशमलव ९५ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेका छन्।

कुमारी बैंकले १२ दशमलव ५ प्रतिशत, सिटिजन्स इन्टरनेसनल बैंकले नौ प्रतिशत र नेपाल यन्भेष्मेन्ट बैंकले ४ प्रतिशत बोनस शेयर र ७ प्रतिशत नगद लाभांश गरी कुल ११ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ।

त्यस्तै, मेगा बैंकले ४ प्रतिशत बोनस र ३.८३ प्रतिशत लाभांश घोषणा गरेको छ। प्रभु बैंकले गत आवको मुनाफाबाट ६.५ प्रतिशत बोनस र १.५ प्रतिशत नगद गरी कुल ८ प्रतिशत लाभांश दिने घोषणा गरेको छ।

## अलैंचीबाट आत्मनिर्भर बन्दै माछापुच्छ्रे

■ जमुना वर्षा शर्मा



**पोखरा–** कृषिका लागि निकै उर्बर मानिने कास्कीको माछापुच्छ्रे गाउँपालिकाका किसान अहिले अलैंचीमा आत्मनिर्भर हुँदैछन्। नगदेबाली अलैंचीखेतीले राम्रो प्रतिफल दिन थालेपछि यसतर्फ स्थानीयको आकर्षण बढेको हो।

माछापुच्छ्रे-८ कोलेलीका कृषक नरेशराज लामिछानेले करिब ७० रोपनी जग्गामा व्यावसायिकरूपमा अलैंची खेती गर्न थालेका छन्। ज्योति अर्गानिक कृषि फर्मका सञ्चालकसमेत रहेका लामिछाने भन्छन्, ‘अन्य बालीभन्दा अलैंचीबाट राम्रो मुनाफा भएपछि यसतर्फ ध्यान जान थाल्यो।’ उनले सेपिलो बाँझो जग्गामा अलैंचीखेती हुनेहुँदा खेर गएको जग्गाको उपयोग भएको बताए।

स्थानीय किसानले २०५०/५१ सालतिर अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) मार्फत इलाम र ताप्लेजुङ भ्रमणमा गएको बेला त्यहाँबाट अलैंचीको रामसाइँ र गोलसाइँ जातका केही बेर्ना ल्याएर रोपेका थिए। यसले राम्रो उत्पादन दिएपछि स्थानीयवासी अलैंचीको व्यावसायिक खेतीतर्फ आकर्षित हुन थालेका हुन्। त्यतिबेला रोपेको अलैंचीको बेर्नाले अहिलेसम्म पनि फल दिइरहेको छ। एकचोटीको लगानी र मेहनतको प्रतिफल लामो समयसमम पाइने भएकाले पनि किसानको रोजाइमा पर्दै गएको उनी बताउँछन्।

लामिछानेका अनुसार पछिल्लो समय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट अलैंची क्षेत्र कार्यक्रममार्फत अनुदान प्राप्त हुन थालेपछि यस क्षेत्रका किसानको रुची अझ बढेको हो। परियोजनाको अनुदानमा उक्त क्षेत्रमा ११ वटा अलैंची सुकाउने आधुनिक भट्टी पनि निर्माण गरिएको छ।

त्यसैगरी पोखरा-२५ हेम्जाका भुवनेश्वर पौडेलले पनि अहिले माछापुच्छ्रे गाउँपालिका-६ धिताल गाउँमा व्यावसायिक अलैंची खेती सुरु गरेका छन्। सरकारी सेवाबाट अवकास लिएपछि कृषि कर्ममा लागेका पौडेल अहिले अलैंची खेतीबाट निकै उत्साहित छन्। माछापुच्छ्रे एग्रो सेन्टर प्रालिका अध्यक्षसमेत रहेका पौडेलले सुरुमा परीक्षणका लागि करिब सात रोपनी क्षेत्रफलमा मात्र अलैंची लगाएको र उत्पादन राम्रो भएपछि क्षेत्र विस्तार गरेर व्यावसायिक खेती गरेको बताउँछन्। उनी भन्छन्, ‘लगाएको दुई वर्षमा नै एक क्विन्टल बढी अलैंची उत्पादन भयो, यसले हामीलाई उत्साहित बनायो।’

विसं २०७५ मा करिब एक सय ६० रोपनी जग्गा खरिद गरी कृषि कर्मको बाटोमा लागेका पौडेलले ६० रोपनी क्षेत्रफलमा अलैंची खेती गरेका छन्। उनले अहिले क्षेत्र विस्तार गरेर थप एक लाख अलैंचीका बेर्ना रोपेका छन्। यसबाहेक कालिज, स्थानीय जातका कुखरा, एभोगाडो, जापानिज कडुस पनि उहाँको फर्ममा देख्न सकिन्छ।

माछापुच्छ्रे मर्दी खोला अलैंची ब्लक क्षेत्र सञ्चालक समितिका अध्यक्ष दिपक पौडेलले उत्पादित अलैंची ब्लकको समन्वयमा बिर्तामोड केन्द्रमा लगेर बिक्री गरिने बताए। उनका अनुसार गाउँपालिकाको वडा नं २, ६, ७, ८ र ९ का स्थानीयवासीले व्यावसायिकरूपमै अलैंची खेती गरेका छन् भने बाँकी वडाका किसानले पनि चासो राख्न थालेका छन्। यस्तै मादी गाउँपालिकाको वडाहरू १,२,३, ८, १० र ११, अन्नपूर्ण गाउँपालिकाको वडा १, ३,४, ७, १० र ११ तथा पोखरा महानगरपालिकाको वडा नं १६ र १९ मा अलैंची क्षेत्रसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ।

अहिले गाउँपालिकाबाट मात्रै करिब २५ हजार केजी उत्पादन भएको छ। गाउँपालिकाले अलैंचीबाट वार्षिक रु दुई करोड ५० लाख भित्र्याएको पौडेलले बताए। गाउँपालिकाका केही वडा अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने भएकाले वन क्षेत्रमा रुखका हाँगाबिँगा छिमल्दा पनि संरक्षण क्षेत्रबाट समस्या हुने गरेको किसानहरूको गुनासो छ। अलैंची क्षेत्रलाई ध्यान दिएर एक्यापले सहजीकरण गर्नुपर्ने उनको भनाइ छ।

अलैंचीले रोपेको तीन वर्षबाट उत्पादन दिन थाल्छ। अघिल्लो वर्ष रु ११ सय प्रतिकेजीमा बिक्री भएको अलैंची अहिले केही मूल्य घटेकाले उचित मूल्यको पर्खाइमा किसान रहेका छन्। भारतीय व्यापारीले अलैंचीको मूल्य निर्धारण गर्ने र त्यसै आधारमा खरीद बिक्री हुने हुँदा मूल्य घटबढ भइरहने हुन्छ।

पछिल्लो समय नेपालबाट निर्यात हुने वस्तुमा अलैंची पनि पर्न थालेको छ। विदेशबाट ठूलो मात्रामा ल्वाङ, सुकमेलजस्ता मसलाजन्य सामग्री आयात गर्छ। यस भेगमा उत्पादन हुने अलैंचीलाई पनि निर्यात गर्न सके विदेशी मुद्रा आर्जन गर्न सहज हुने गाउँपालिका-८ का अध्यक्ष रामबहादुर गुरुङ बताउँछन्। गाउँलाई कृषिमै आत्मनिर्भर बनाउन ज्ञान केन्द्र र गाउँपालिकाको सहयोगमा वडाका किसानलाई आलुको विऊ पनि निःशुल्क वितरण गरेको उनले जानकारी दिए।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका परियोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख वरिष्ठ कृषि अधिकृत रोशन अधिकारी कास्कीका माछापुच्छ्रे, अन्नपूर्ण र मादी गाउँपालिका विभिन्न वडामा अलैंची खेतीलाई अनुदान दिइएको र त्यसको प्रतिफल पनि राम्रो पाइएको बताउँछन्।

उनी भन्छन्, ‘माछापुच्छ्रे गाउँपालिमा अलैंचीको व्यावसायिक खेती निकै राम्रो छ, किसानले उत्साहित रूपमा व्यक्तिगत र समूहमा गरेर अलैंची खेती गरेका छन्।’ उनले क्रमशः अलैंची खेतीको क्षेत्र विस्तार भएकाले आगामी दिनमा उत्पादन बढ्ने र गाउँ अलैंचीबाटै आत्मनिर्भर हुने अवस्थामा रहेको उल्लेख गरे। उनका अनुसार अनुदानबाट सिँचाइ र अलैंची सुकाउने आधुनिक भट्टी निर्माणमा ८५ प्रतिशत अनुदान उपलब्ध गराइएको छ भने क्षेत्र विस्तार कार्यक्रम, चक्लाबन्दी, उपकरण, नर्सरी, अलैंचीको बेर्नालगायतमा ५० प्रतिशत अनुदान दिने गरिएको छ। *रासस*

## ५ अर्बको ऋणपत्र ल्याउँदै निफ्रा

**काठमाडौं (प्रस)** – नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड(निफ्रा)ले ५ अर्ब रूपैयाँ बराबरको ऋणपत्र जारी गर्ने भएको छ। यसका लागि बैंकले नेपाल धितोपत्र बोर्डबाट अन्तिम स्वीकृति पाएको छ।

बोर्डले ५ अर्ब रूपैयाँ बराबरको ५० लाख कित्ता ऋणपत्र जारी गर्न अनुमति दिएको हो। गत कात्तिक २४ गते बोर्डको अन्तिम स्वीकृति पाएसँगै ऋणपत्र जारी गर्न निफ्राले तयारी गरिरहेको छ। कम्पनीले अंकित मूल्य प्रति कित्ता १ हजारका दरले ऋणपत्र बिक्री गर्ने भएको छ।

यो ऋणपत्रको नाम ‘७ वर्ष ७ प्रतिशत निफ्रा ऊर्जा ऋणपत्र २०८५/८६’ छ। बिक्री प्रबन्धक एनआइबीएल एस क्यापिटल छ। क्यापिटलका अनुसार कम्पनीले जारी गर्ने ऋणपत्रमध्ये २ अर्ब रूपैयाँ बराबरको ऋणपत्र सर्वसाधारणमा बिक्री गरिने छ। बाँकी ३ अर्ब रूपैयाँ बराबरको ऋणपत्र कम्पनीले व्यक्तिगत तवरबाट बिक्री गर्नेछ।

वार्षिक ७ प्रतिशत ब्याजदर भएको यो ऋणपत्र ७ वर्ष अवधिको छ। कम्पनीले ऋणपत्र जारी गर्नका लागि स्वीकृति माग गर्दै गत असार १ गते बोर्डमा निवेदन दिएको थियो। यससँगै चालु आर्थिक वर्षमा बोर्डले ६ कम्पनीलाई १५ अर्ब ६० करोड बराबरको १ करोड ५६ लाख कित्ता ऋणपत्र जारीका लागि स्वीकृति दिइसकेको छ।

## सिक्लेसमा पनि केबलकार बन्दै

■ प्रभाव संवाददाता

**कास्की–** पर्यटकीय जिल्ला कास्कीमा थप एक केवलकार परियोजना थपिने भएको छ। सिक्लेस अन्नपूर्ण केवलकार प्रालिले कास्कीको मादी गाउँपालिका सिक्लेसमा केवलकार बनाउने भएको छ। कम्पनीले परियोजनाको वातावरणीय प्रभाव अध्ययन सम्पन्न गरी स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पेश गरेको छ। प्रतिवेदनअनुसार परियोजना मादी गाउँपालिकाको वडा नं १ र २ मा फैलने छ।

केवलकारको तल्लो स्टेसन कास्की जिल्लाको मादी गाउँपालिका वडा नं १ र माथिल्लो स्टेसन सोही गाउँपालिकाको वडा नं. २ मा रहने भएको छ। तल्लो स्टेसन सिक्लेस गाउँको प्वरयुम भन्ने स्थानमा रहने भएको छ। माथिल्लो स्टेसन सिक्लेसको कोरी डाँडामा रहनेछ। केवलकार ६.४१ किलोमिटर लामो रहने समेत परियोजनाले जनाएको छ। सिक्लेस गुरुङ जातिको बाहुल्य रहेको पर्यटकीय गाउँ हो।

परियोजनाको कुल लागत ६ अर्ब ९० करोड ३७ लाख १८ हजार २४४ रूपैयाँ अनुमान गरिएको छ। आयोजना २७.९९ हेक्टर क्षेत्रफलमा बन्ने भएको छ। यसमध्ये तल्लो स्टेसनमा ७.४६ अेक्टर, बीचको स्टेसनमा २.०४ हेक्टर र माथिल्लो स्टेसनमा ५.७६ हेक्टर जमिन रहने भएको छ। टावरका लागि १२.७३ हेक्टर जमिन प्रयोग हुने भएको छ। यो केवलकार सञ्चालन अवधि ३० वर्ष तोकिएको छ।

तल्लो स्टेसनबाट माथिल्लो स्टेसनसम्म पैदलमार्ग रहेको कम्पनीले जनाएको छ। आयोजनाका लागि कुल ३८०१ वटा रुख र पोल काट्नु पर्ने प्रतिवेदनमा उल्लेख छ। यसरी काटिने रुख र पोलमा गुरास, कलिकाठ, लोकफ, खस्रु, फलाट, भ्यानो, वन चुलेत्रो, फिरफिरे, चाँप, उत्तिससहितका रहेका छन्। काटिएका रुखको सट्टामा आयोजनाले कानूनले तोकेको संख्यामा वृक्षारोपण गर्नुपर्छ। यो केवलकारमा नेपालमा अहिले सञ्चालित केवलकार भन्दा फरक बीचमा समेत स्टेसन रहने भएको छ। जहाँ यात्रु झर्न र चढ्न पनि सक्ने भएका छन्। तल्लो र माथिल्लो स्टेसनको बीचमा मादी गाउँपालिका वडा नं २ को धर्मशाला नजिकै बीचको स्टेसन रहने भएको छ। यहाँ मानिसहरू झर्न र चढ्न सक्ने भएका छन्। यो दुबै स्टेसनको बीच भागमा रहने समेत प्रतिवेदनमा उल्लेख छ।

केवलकारमा कुल ६० वटा बक्स (गोण्डुला) रहने गरी परियोजनाको डिजाइन गरिएको छ। एउटा बक्समा ८ जनाले एक पटकमा यात्रा गर्न सक्ने छन्। प्रतिदिन ६ हजार जना (अधिकतम)ले यात्रा गर्न सक्ने क्षमताको केवलकार बन्ने समेत कम्पनीको भनाइ छ। केवलकारमा कुल ३० वटा टावर रहने भएका छन्। आयोजना ३.५ वर्षमा निर्माण गरिसक्ने लक्ष्य कम्पनीको छ। निर्माणपूर्वको तयारीको चरणका लागि १ वर्षको अवधि राखिएको छ। निर्माण अवधि १.५ वर्ष र वित्तीय बन्द अवधि १ वर्ष राखेर कुल ३.५ वर्षमा परियोजनाको काम गरिसक्ने प्रतिवेदनमा उल्लेख छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ